जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक १२, २०७९ साल साउन १३ गते शुक्रबार, नेपाल संवत् ११४२ (July 29, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–


## एसईईले जोगाएन एसएलसीको गरिमा

काठमाडौं । राष्ट्रिय परीक्षा बोर्डले बुधबार एसईईको नतिजा सार्वजनिक गरेको छ । प्रकाशित नतिजाअनुसार ४ लाख ९५ हजार ७ सय ५१ परीक्षार्थीमध्ये ४२ जनाले मात्रै जीपीए ४ मा ४ ल्याएका छन् । समान परीक्षा किसिम र मूल्यांकनको ग्रेडिङ पद्धति हुँदा २०७४ मा ७४ जना र २०७५ मा १ सय ६ जनाले जीपीए ४ ल्याएका थिए । यसपटकको एसईईको नतिजा विगत पाँच वर्षको भन्दा पनि खस्किएको पाइएको छ ।

नतिजा खस्कँदै जानुको कारणमा बोर्ड र **बाँकी ८ पेजमा**

## लु काठमाडौंमा

काठमाडौं । अमेरिकी स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) मा संलग्न नहुने मन्त्रिपरिषद्को निर्णयबारे पत्राचार अड्किरहेका बेला दक्षिण तथा मध्यएसिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु हिजो काठमाडौंमा आएका छन् । असार अन्तिम साता बेइजिङबाट चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) का विदेश विभाग प्रमुख लिउ चियानछाओको नेपाल भ्रमणलगत्तै अमेरिकाबाट उच्चस्तरको भ्रमण हुन लागेको हो ।

संसद्ले एमसीसी सम्झौता अनुमोदन गरेको चार महिना र एसपीपीमा **बाँकी ८ पेजमा**

# फिजीकरण हुँदै सिक्किमीकरणतर्फ मुलुक

काठमाडौं । अन्ततः गठबन्धन सरकारले 'फास्टट्र्याक' विधिबाट विवादास्पद नागरिकता संशोधन विधेयक संसदबाट पारित गराएको छ । नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक संसदबाट पारित भएसँगै नेपाल फिजीकरणको बाटोतर्फ अघि बढेको छ । वैवाहिक अंगिकृत नागरिकताको विषयमा लामो समयदेखि दलहरूबीच फरक मत रहेको थियो । तर सरकारले संसदको राज्य व्यवस्था समितिलाई समेत छलेर नागरिकता विधेयक पारित गराएर जघन्य राष्ट्रघात गरेको छ । विधेयक राष्ट्रिय सभामा पुगेको छ । राष्ट्रिय सभाले पनि त्यसलाई पारित गरेमा लालमोहरका लागि राष्ट्रपतिको कार्यालय पठाइनेछ । यदि राष्ट्रपतिले प्रमाणित गरे सो ऐन बन्नेछ र तुरुन्त कार्यान्वयनमा आउनेछ ।

सरकारले अहिले संसदबाट पारित गराएको विधेयकमा २०७२ साल असोज ३ गते अघिको जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर १६ वर्ष पूरा भएपछि वंशजका आधारमा नेपाली नागरिकता प्राप्त गर्ने उल्लेख गरिएको छ । गत २०७८ जेठ ९ गते तत्कालीन ओली नेतृत्वको सरकारले ल्याएको अध्यादेशमा जन्मसिद्धका आधारमा नेपाली नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानले वंशजका आधारमा नेपाली नागरिकता पाउने उल्लेख गरिएको थियो । त्यतिखेर प्रतिनिधिसभामा नागरिकतासम्बन्धी विधेयक विचाराधीन रहेका बेला तत्कालीन मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले 'नेपाल नागरिकता पहिलो संशोधन अध्यादेश २०७८' जारी गरेकी थिइन् । जसअनुसार जन्मका आधारमा (जन्मसिद्ध) नागरिकता प्राप्त गरेका व्यक्तिका बालिग भइसकेका छोराछोरीले वंशजको आधारमा नागरिकता पाउने उल्लेख थियो । यसैगरी नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमै बसोबास गरेको व्यक्तिले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने उल्लेख थियो । साथै वंशजका आधारमा नागरिकता लिएका व्यक्तिको बाबु विदेशी रहेको ठहरिए त्यस्तो व्यक्तिले



वंशजको आधारमा लिएको नागरिकता कायम नरहने पनि अध्यादेशमा उल्लेख थियो ।

बाबुको नागरिकताका आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी स्वघोषणा गरेमा निजको नागरिकतालाई अंगीकृत नागरिकतामा परिणत गरिने र बाबु विदेशी नागरिक भएको व्यक्तिले अंगीकृत नागरिकता प्राप्त गर्ने उल्लेख थियो । त्यस्तै असार २५ गते सरकारले फिर्ता लिएको विधेयकमा भने स्पष्ट रुपमा नेपाली पुरुषसँग बिहे गरेकी महिलाले ७ वर्षसम्म नागरिकता नपाउने व्यवस्था गरिएको थियो । तर अहिले पारित भएको विधेयकमा बिहेलगत्तै नागरिकता पाउने व्यवस्था रहेको छ । अहिले यही विषयमा चर्को विवाद भइरहेको छ ।

नेपालमा एउटा निश्चित अवधिसम्म बसोबास गरेपछि र विदेशी नागरिकता त्यागेको प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र उनीहरूलाई अंगीकृत नागरिकता दिइनुपर्ने हो । संसदको राज्य व्यवस्था समितिले पनि त्यसका लागि कमसेकम सात वर्ष स्थायी रुपले बसोबास गरेको अवधि तोक्नुपर्छ भन्ने सिफारिस गरेको थियो । तर सरकारले कुनै सीमा नराखीकन विदेशबाट विवाह गरेर नेपालमा आएका बुहारीहरूले तुरुन्तै नागरिकता प्राप्त गर्ने व्यवस्था गरिदिएको छ । यस्तो व्यवस्थाले नेपाली चेलीहरूलाई अन्याय मात्र गरेको छैन उनीहरू अल्पमतमा पर्ने खतरा पनि बढेको छ ।

नेपालको संविधानको धारा ११ को उपधारा (७) अनुसार विदेशी नागरिकसँग बिहे गरेकी नेपाली महिलाको पनि नेपालमै बसेपछि कानुनअनुसार नागरिकता लिएमा उनीहरूका सन्तानले नागरिकता पाउने प्रावधान पनि त्यही धाराले गरेको छ । भारतको संविधानमा त वंशजको नागरिकता लिन भारतीय बाबु र आमा भारतमै जन्मेको नागरिक हुनुपर्ने प्रावधान छ । अंगीकृत नागरिकताको व्यवस्था नै छैन । संविधानमा आमाको नामबाट पनि नागरिकता पाउने उल्लेख छ । तर भारतीय संविधानमा त्यस्तो व्यवस्था छैन । नेपाली नागरिकसँग विवाह गरेकी कुनै विदेशी महिलाले तुरुन्त नेपाली नागरिकता पाउने संवैधानिक व्यवस्था गरिएको छ । **बाँकी ८ पेजमा**

## के छ भारतीय संविधानमा ?

भारतीय संविधानको धारा ११ अनुसार बनेको नागरिकता ऐन १९५५ मा सन् १९५० को २६ जनवरी वा त्योभन्दा पछि १९८७ को जुलाई ९ तारिखमा भारतमा जन्मिएको व्यक्ति भारतीय हुने र डिसेम्बर ३, २००४ पछि जन्मेको जोसुकैले पनि भारतीय नागरिकता पाउन बाबु र आमा दुवै भारतीय हुनुपर्ने भारतीय नागरिकता ऐनमा व्यवस्था छ । भारतको वंशजको नागरिकता पाउन २६ जनवरी १९५० पछि र १० डिसेम्बर १९९२ अघि भारतीय बाबु र आमाबाट जन्मिएको व्यक्तिले मात्र नागरिकता पाउन सक्छ । भारतीय संविधानको भाग २ मा धारा ५ देखि ११ सम्म नागरिकता प्राप्ति र समाप्तिका प्रावधानहरू छन् । जसमा संविधान प्रारम्भ हुँदाका बखत जन्मेको वा त्योभन्दा ५ वर्ष अघिदेखि भारतमा बसोबास गरेको व्यक्ति स्वतः भारतको नागरिक हुने प्रावधान छ । भारतमा जन्मेको पाकिस्तानबाट बसाइँ सरेर आएको वा हजुरबा, हजुरआमा वा कुनै अभिभावक भारतीय भएको व्यक्ति भारतीय हुन सक्ने व्यवस्था धारा ६ मा उल्लेख छ । तर अन्यत्र जेसुकै लेखिए पनि भारतमा जन्मिएर पाकिस्तानमा बसोबास गर्ने भारतीयले भारतको नागरिकता नपाउने धारा ७ मा उल्लेख छ ।

## बिजुली बेचेर पौने ४ अर्ब

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले पछिल्लो डेढ महिनामा पौने ४ अर्ब रुपैयाँभन्दा बढीको बिजुली बेचेको छ। गत असार मसान्तसम्म ३ अर्ब ७८ करोड १७ लाख रुपैयाँ बराबरको ४७ करोड २५ लाख युनिट बिजुली भारतलाई बेचिएको प्राधिकरणले जनाएको छ।

प्राधिकरणले गत जेठ १९ देखि इन्डियन इनर्जी एक्सचेन्ज (आईईएक्स) मा बिजुली बेच्न थालेको थियो। यद्यपि नेपालले आईईएक्समा बिजुली बेच्न पहिलो पटक अनुमति पाएको भने गत कात्तिकमा हो। गत वर्ष त्रिशूली र देवीघाट जलविद्युत् आयोजनाको मात्रै बिजुली भारतले किनेको थियो। यस वर्ष भने ती दुई आयोजनासहित मर्स्याङ्दी, मध्यमर्स्याङ्दी, कालीगण्डकी र लिखुसमेत गरी कुल ३ सय ६४ मेगावाट बिजुली भारत गइरहेको छ। भारतमा बिजुली बेचिरहेका यी आयोजनामध्ये लिखु निजी क्षेत्रबाट प्रवर्द्धित हो। आईईएक्सभन्दा बाहिर भारतको **बाँकी ८ पेजमा**

## काठमाडौं १ बाट ढकालको उम्मेदवारी

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (माले) काठमाडौं जिल्ला कमिटीले नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठको ४४ औं स्मृति दिवसको अवसरमा एक भव्य कार्यक्रमको आयोजना गरी पुष्पलालले नेपाली कम्युनिस्ट आन्दोलनमा पुऱ्याएको योगदानको सम्झना गरेको छ । मध्य बानेश्वरस्थित पार्टी कार्यालयको प्रांगणमा आयोजित सो समारोहमा माले महासचिव सीपी मैनालीलगायत माले स्थायी कमिटी पोलिटब्युरो केन्द्रीय कमिटीका सदस्यहरूको उपस्थिति रहेको थियो । पुष्पलाल स्मृति दिवसकै अवसरमा आगामी संघीय संसदको निर्वाचनमा काठमाडौं क्षेत्र नं. १ बाट स्थायी कमिटी सदस्य एवं सामाजिक अभियन्ता सुरेन्द्र ढकाललाई उम्मेदवारका रुपमा उठाउने




घोषणा पनि गरियो ।

सो कार्यक्रममा माले महासचिव सीपी मैनालीले पुष्पलालको व्यक्तित्वबारे प्रकाश पार्दै नेपाली कम्युनिस्ट आन्दोलनमा उनको देनको विस्तृत चर्चा गरे । महासचिव मैनालीले भने– पुष्पलाल नेपालमा नौलो जनवादको नारा दिने पहिलो व्यक्ति हुन् । नेपाली समाजका ऐतिहासिक सर्वेक्षक पुष्पलाल क्रान्तिको दिशानिर्देश गर्ने विचारक पनि हुन् । ऐतिहासिक भौतिकवादी चिन्तक हुन्, आन्दोलनका सिद्धान्तकार हुन् । पुष्पलाल मार्क्स एंगेल्सद्वारा लिखित कम्युनिस्ट घोषणापत्रका पहिलो अनुवादक समेत हुन् ।

मैनालीले अगाडि बताए– यी यावत व्यक्तित्वसँगै राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र संघमा रहेर राणाशाही विरोधी आन्दोलनमा सक्रिय पुष्पलाल प्रजातन्त्रका लागि संयुक्त जनआन्दोलनका प्रणेता पनि हुन् । यस अर्थमा पुष्पलाल बहुआयामिक व्यक्तित्व हुन् । उनी बौद्धिक अध्येता र प्राज्ञिक व्यक्तित्व पनि हुन् । अनौपचारिक शिक्षा कम भए पनि पुष्पलाल बौद्धिकताका सागर थिए । उनका चिन्तनपरक विचारहरू राजनीतिमा मात्र सीमित छैनन्, नेपाली समाज इतिहास, साहित्य, कला संस्कृतिका विषयमा **बाँकी ८ पेजमा**

## नेपालमुखी नागरिकता-नीति लागू गरिनुपर्छ

काठमाडौं । नेकपा मालेले नेपालमुखी नागरिकता नीति लागू गरिनुपर्नेमा जोड दिएको छ । मालेले एक विज्ञप्ति प्रकाशित गरी उक्त कुरामा जोड दिएको हो । पार्टी महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा भनिएको छ- नेपाललाई फिजीकरण/सिक्किमीकरण गर्ने भारतीय रणनीतिको तावेदार बनेको देउवा-प्रचण्ड डफ्फाको यो 'विदेश-कम्फरटेबल' सरकारले प्रतिपक्षी नेकपा (एमाले) को मिलेमतोमा २०७९ साल साउन ६ गते प्रतिनिधि सभाबाट कालो नागरिकता ऐन-२०६३ (संशोधन बिधेयक) २०७९ पारित गरायो । यसरी यस सरकारले विदेशबाट बिहे गरी नेपाल आउने महिलालाई तत्कालै अंगिकृत नागरिकता दिने नेपाली जनताबाट व्यापक बिरोध भइरहेको राष्ट्रिय हित विपरित **बाँकी ८ पेजमा**

## चौतारो निर्माणमा ढकाल प्रतिष्ठानको सहयोग





काठमाडौं । प्रगतिशील युवा संघले सुरेन्द्र ढकाल प्रतिष्ठानको रु. एक लाखको सहयोग र स्थानीयको जनश्रमबाट भक्तपुरको गुण्डुस्थित शिव चौक एक चौतारो निर्माण कार्य सम्पन्न भएको छ । उक्त कार्य सम्पन्न भएपश्चात गत सोमबार प्रतिष्ठानले युवा संघलाई अन्तिम किस्ता स्वरुप रु. २० हजार निकासी गरिदिएको छ । प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले संघका अध्यक्ष खातीलाई रु २० हजारको चेक हस्तान्तरण गरेका थिए । सो चौतारो निर्माण भएकोमा प्रतिष्ठानले संघलाई धन्यवाद ज्ञापन गरेको छ ।

## दोधारा-चाँदनीमा नहर निर्माण

काठमाडौं । नेपाल-भारतबीच भएको एकीकृत महाकाली सन्धिको अढाइ दशकपछि कञ्चनपुरको दोधारा-चाँदनीमा नहर निर्माण गरिने भएको छ। सन्धिको २७ वर्षपछि नेपालले नहर निर्माणको तयारी गर्न लागेको हो।

महाकाली सन्धि अनुसार भारतले नेपाललाई दोधारा-चाँदनीमा सिचाइका लागि ३५० क्युसेक पानी नहरमार्फत उपलब्ध गराउनुपर्ने थियो। यसका लागि भारतले शारदा नहरबाट नेपाल सीमासम्म एक हजार एक सय मिटर नहर निर्माण गर्नुपर्ने छ। तर भारतले निर्माण गर्ने नहरको अझै टुङ्गो छैन। नेपालले यसै वर्षदेखि आफ्नोतर्फ नहर निर्माण गर्ने भएको छ । महाकाली पारीको दोधारा-चाँदनीमा सिँचाइ सुविधाका लागि भारतले शारदा बैराज नहरबाट सन्धिअनुसार पानी उपलब्ध गराउनुपर्ने छ।

सन्धि भएको २७ वर्ष बित्दा समेत भारतले शारदा नहरबाट **बाँकी ८ पेजमा**

## प्रदेशमा व्यापक अनियमितता

काठमाडौं । प्रदेश खारेजीको माग चौतर्फी बढिरहेका बेला प्रदेशमा भएका आर्थिक अनियमितताका काण्डहरू पनि सुनिन थालेका छन् । सरकारले विभिन्न समयमा कमिसनको लोभले अर्बौं खर्चेर सभाहल बनाउँदै आएको छ । सात प्रदेशमा मात्रै गत वर्ष सभाहल निर्माणमा १३ अर्ब २५ करोड ७१ लाख विनियोजन गरिएको थियो । जबकि, कतिपय अनावश्यक ठाउँमा समेत धमाधम सभाहल बनिरहेका छन् ।

सात प्रदेशमा ४१ सभाहल निर्माण योजना रहेकामा सात सभाहल सम्पन्न भएको सहरी विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार हाल १९ सभाहल निर्माणाधीन अवस्थामा छन् भने १५ सभाहलका लागि जग्गा प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन तयारीलगायत प्रारम्भिक चरणको कार्य भइरहेको छ । ४१ मध्ये २६ सभाहल निर्माणका लागि १३ अर्ब २५ करोड ७१ लाखको लागत **बाँकी ८ पेजमा**

## नेपाल-भारत सीमा समस्या : समाधानका विकल्प

समय सन्दर्भ



बुद्धिनारायण श्रेष्ठ

प्रधानमन्त्री शेरबहादुर देउवाको तीनदिने औपचारिक भारत भ्रमण सम्पन्न भएको एक महिनाभन्दा बढी भइसकेको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको हैदराबाद हाउसमा गरेको कुराकानीका दौरानमा सीमाको विषय उठान गरेको कुराको प्रसंग उल्लेख गर्दै देउवाले भनेका थिए- 'हामीले सीमा समस्याबारे छलफल गऱ्यौं। मैले मोदीजीलाई यो विषय स्थापित द्विपक्षीय संयन्त्रमार्फत समाधान गरौं भनेको छु।' प्रधानमन्त्री देउवाले यस्तो भनेको यतिका दिन बितिसक्दा पनि न त पहिले गठन गरिएको परराष्ट्र सचिवस्तरीय संयन्त्रले काम गर्ने सुरसार देखाएको छ, न त दुई वर्षदेखि रोकिएको नेपाल-भारत सीमासम्बन्धी 'बोर्डर आर्किङ ग्रुप'को संयुक्त बैठक नै सुचारु हुने भन्ने कुनै संकेत देखिएको छ। यस मानेमा सीमा मामिलाका सम्बन्धमा भ्रमण कत्ति पनि उपलब्धिमूलक भएको पाइँदैन।

यसबाहेक प्रधानमन्त्री देउवाले भारतीय समकक्षी नरेन्द्र मोदीसँगको औपचारिक-अनौपचारिक वार्तामा लिपुलेक-कालापानी-लिम्पियाधुरा देखाइएको नेपालको चुच्चे नक्साबारे कुराकानी गर्नसम्म सकेनन्। भारतीय प्रधानमन्त्री मोदीले सात वर्षपहिले नेपाल भ्रमण गर्दाको समयमा कालापानी र सुस्ताको सीमा विवाद समाधानको कार्य गर्न दुवै देशका प्रधानमन्त्रीबीच सहमति भई परराष्ट्र सचिवस्तरीय संयन्त्र गठन भएको थियो। यतिका वर्ष व्यतीत भइसक्दा पनि सुषुप्त अवस्थामा रहेको त्यस संयन्त्रलाई जगाउने प्रस्ताव भ्रमणका क्रममा उप्काउनसम्म सकेनन्, हाम्रा प्रधानमन्त्रीले।

यसैगरी भैरहवा र महेन्द्रनगरको आकासीय हवाई सीमामार्गबाट अन्तर्राष्ट्रिय हवाईजहाज नेपाल पस्ने अनुमति लिन पनि प्रधानमन्त्री देउवा असफल रहे। भारतीय एसएसबीले दार्चुलाको महाकाली सीमानदीमाथिको तुइन हठात् फुस्काइँदिदा व्यास गाउँपालिका निवासी ३३ वर्षीय जयसिंह धामीले अनाहकमा ज्यान गुमाउनुपरेको नेपाली जनताको सन्देश सुनाउन पनि सकेनन्। भारतका विभिन्न सहरमा काम गरिरहेका नेपाली चाडपर्वमा घर फर्किंदा सुनौलीजस्ता नाकामा भारतीय एसएसबीले स्वविवेकीय तरिकाले सीमापार गर्न नदिएको नेपाली जनताको मर्का बुझाउन पनि सकेनन् आफ्ना समकक्षीलाई। यी प्रसंगलाई दृष्टिगत गर्दा प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण उपलब्धिमूलक देखिएन भन्न कर लाग्छ। जयनगर-जनकपुर-कुर्था खण्डको रेलसेवाको भर्चुअल माध्यमद्वारा संयुक्त उद्घाटन गरेको कामलाई उपलब्धिमूलक मान्नुपर्ने हो भने त्यो बेग्लै हो।

सीमा समाधानको संयन्त्र : सीमा समस्याबारे स्थापित द्विपक्षीय संयन्त्रमार्फत समाधान गरौं भन्ने प्रस्ताव देउवाले राख्दा मोदी सीमाका विषयमा केही बोलेनन्। तथापि लगत्तै गरिएको पत्रकार सम्मेलनमा भारतका तत्कालीन विदेश सचिव हर्षवर्धन शृंगलाले सीमाका सम्बन्धमा प्रधानमन्त्री देउवाले आफ्नो भनाइ राखेको पुष्टि गर्दै भनेका थिए- 'यस मामिलामा संक्षिप्त रूपमा छलफल भएको थियो, दुवै पक्षले यसलाई वार्ताका माध्यममार्फत जिम्मेवारीपूर्ण रूपमा सम्बोधन गर्नुपर्छ भनेर आमसमझदारी भयो। हाम्रो निकट र मैत्री सम्बन्धको भावनामा सीमा विवाद समाधान गर्नुपर्छ, यस्ता विषयलाई राजनीतीकरण गर्नु हुन्न।' शृंगलाले अझ थपेका थिए- 'दुई मुलुकले समस्या **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# परनिर्भरता कम गर्न आवश्यक

हरेक वर्ष परनिर्भर बन्दै गएको नेपालले गत वर्ष मात्र १९ खर्ब २० अर्ब ४४ करोड ८३ लाख बराबरका उपभोग्य सामान आयात गरेको तथ्यांक सार्वजनिक भएको छ । यसले देश अब पूर्ण रूपमा परनिर्भर रहेको संकेत गरेको छ । गत वर्ष भने परनिर्भरताको विन्दु निकै पर पुगिसकेको वास्तविकता सार्वजनिक भयो । देश उत्पादनमुखी नभएर उपभोगमुखी बन्दै गएको अवस्थाका कारण नेपालमा चलिरहेका उद्योग, व्यापार र व्यवसाय विदेशमा निर्मित सामान भित्र्याउने र त्यही सामान बिक्री गरेर केही पैसा नेपाली व्यापारीले राख्ने अनि ठूलो परिणाममा केही रकम विदेशी उत्पादनकर्तालाई नै फिर्ता गर्ने भएकाले नेपालमा परनिर्भरता बढ्दै गएको हो । यसले गर्दा नेपालमा उत्पादनमुखी बजार होइन उपभोगमुखी बजार विस्तार हुन गएको छ ।

चुलिँदै गएको व्यापार घाटाले मुलुकको अर्थतन्त्रलाई धराशायी बनाउँदै लगेको छ । मुलुकमा उत्पादनमुलक उद्योगहरूको विस्तार अपेक्षाकृत रूपमा हुन नसक्दा आयातमै परनिर्भर हुनुपरेको छ । नुनदेखि सुनसम्म, सियोदेखि फलामसम्म विदेशबाटै आयात भइरहेको छ । नेपालीको भान्सामा पाक्ने अधिकांश तरकारी र खाद्यपदार्थ पनि आयातमै निर्भर छ । पेट्रोलियम पदार्थको आयात त नेपालको लागि निर्विकल्प नै छ । यद्यपि, यसको खपत कम गरी विद्युतीय सामग्री प्रयोग गर्न सरकारले अभियान चलाइरहेको छ ।

सरकारले आयातलाई प्रतिस्थापन गर्न भन्दै विभिन्न योजनाहरू अघि सारे पनि प्रभावकारी देखिएको छैन । भन्सार विभागले हालै सार्वजनिक गरेको तथ्यांकमा गत आर्थिक वर्ष मुलुकको व्यापार घाटा २३ प्रतिशतले बढेको देखाएको छ । आयातको तुलनामा निर्यात न्यून हुँदा व्यापार घाटा चुलिएको हो । आयात निरन्तर बढ्दै जाँदा मुलुकको अर्थतन्त्रमा चुनौती थपिँदै गएको छ । विशेषगरी विदेशी मु[illegible]ा सञ्चितिमा ठूलो दबाब परेको छ ।

विभागको प्रतिवेदनअनुसार गत आवमा मुलुकको व्यापार घाटा १७ खर्ब २० अर्ब ४१ करोड ७३ लाख रूपैयाँ पुगेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा २३ प्रतिशतले बढेको यो आँकडा हालसम्मकै उच्च हो । आव २०७७/७८ मा व्यापार घाटा १३ खर्ब ९८ अर्ब ७१ करोड २९ लाख रूपैयाँ बराबर थियो ।विभागका अनुसार एक वर्षको अवधिमा नेपालले २१ खर्ब २० अर्ब ४७ करोड ९३ लाख रूपैयाँ बराबरको वैदेशिक व्यापार गरेको थियो । यो अघिल्लो आर्थिक वर्षको तुलनामा २६.१५ प्रतिशतले बढी हो ।

अघिल्लो आर्थिक वर्ष नेपालले १६ खर्ब ८० अर्ब ९६ करोड ११ लाख रूपैयाँ बराबरको वैदेशिक व्यापार गरेको थियो ।गत आवको १२ महिनामा नेपालमा हुने आयात २४.७२ प्रतिशतले बढेको छ । उक्त अवधिमा कुल १९ खर्ब २० अर्ब ४४ करोड ८३ लाख रूपैयाँ बराबरको वस्तु तथा सेवा आयात भएको हो । विश्वका १६४ देशबाट नेपालले विभिन्न माल वस्तु आयात गरेको पाइएको छ । अर्कोतर्फ नेपालबाट हुने निर्यात ४१.७४ प्रतिशतले बढे पनि आयातको तुलनामा निकै न्यून रहेको छ । गत आवमा कुल दुई खर्ब तीन करोड नौ लाख रूपैयाँ बराबरको निर्यात भएको विभागको तथ्यांकमा उल्लेख छ ।

नेपालको अन्तर्राष्ट्रिय व्यापार विश्वका कुल १७१ मुलुकसँग हुने गरेको छ । तीमध्ये १६४ मुलुकबाट नेपालले वस्तु तथा सेवा आयात गर्ने गरेको पाइएको छ । यसैगरी नेपालबाट १३१ मुलुकमा वस्तु तथा सेवा निर्यात हुन्छ । नेपालको व्यापार हुने १७१ देशमध्ये १४० देशसँगको व्यापार घाटामा रहेको भन्सार विभागको तथ्यांकमा देखिन्छ ।

गत आर्थिक वर्षमा नेपालले धेरै व्यापार घाटा व्यहोरेको १० मुलुकको सँचीमा दुई छिमेकी मुलुक भारत र चीनसहित क्रमशः इण्डोनेसिया, युएई, अर्जेन्टिना, अमेरिका, अस्ट्रेलिया, युक्रेन, मलेसिया र ब्राजिल रहेका छन् । यी १० देशसँग मात्र नेपालको व्यापार घाटा १५ खर्ब ६७ अर्ब १५ करोड ४७ लाख ६६ हजार रूपैयाँ कायम भएको छ । यो उक्त आवमा भएको कँल व्यापार घाटाको ९१ प्रतिशत हो ।

भारतसँगको व्यापार घाटा सबैभन्दा धेरै रहेको छ । कुल व्यापार घाटामा भारतले ओगट्ने हिस्सा करिब ६१ प्रतिशत छ । पेट्रोलियम पदार्थसहित अधिकांश वस्तु भारतबाट आयात हुने भएकोले घाटामा भारतको हिस्सा बढी हुन पुगेको हो । नेपालले सबैभन्दा धेरै भारतबाट आयात गर्ने पेट्रोलियम पदार्थ रहेको छ । यसबाहेक खाद्यसामग्री, सवारीसाधन, निर्माण सामग्री जस्ता अधिकांश माल वस्तु भारतसँगै निर्भर रहनुपर्ने नेपालको बाध्यता छ ।

# एक चीन नीति : देखाउने दाँत मात्रै



## सुरेन्द्र ढकाल

चीन चीनको आँखामा एक छ । किनकी ऊ आफ्नो देशको विखण्डन कदापि चाहँदैन । त्यसैकारण ताइवानसँगको एकिकरण चीनको अन्तिम लक्ष्य हो । उपनिवेशिक शासनअन्तर्गत लिजमा गएको हङकङ र मकाउ मुख्य भूमिमा आएपछि एक देश दुई व्यवस्थाअन्तर्गत चीन अखण्ड बन्न पुगेको हो । संयुक्त राष्ट्रसंघमा पहिले ताइवान सदस्य थियो तर पछि जनवादी चीन सदस्य बन्न पुगी ताइवानको सदस्यता रिक्त हुन गएपछि ताइवानसँग चीनको एकिकरणको बाटो खुलेको हो । त्यसताका सुरक्षा परिषदका स्थायी सदस्य रहेका अमेरिका तथा सोभियत संघले भिटो पावर लगाएका भए जनवादी चीन संयुक्त राष्ट्रसंघको सदस्य हुन सक्दैनथ्यो । त्यतिमात्रै होइन सदस्यता साथै चीन सुरक्षा परिषदको स्थायी सदस्य बनेपछि एक चीन नीतिको वैधानिक रुपमा विरोधी कोही पनि देखिएन ।

चीनमा जनवादी शासन लागू भएपछि दलाई लामा तिब्बत छोडेर भारतमा आई आफ्नो नेतृत्वमा भारतको धर्मशालामा बसेर निर्वासनको सरकार चलाइरहेका छन् । यस सरकारलाई औपचारिक रुपमा संसारका कुनै पनि देशले मान्यता दिएको छैन । भारतकै भूमिमा यो सरकार रहे तापनि भारतले समेत यस सरकारलाई मान्यता दिन नसक्नुमा एक चीन नीतिको खिलाफ कोही पनि देखिँदैन । यद्यपि चीनलाई हङकङ, मकाउ, तिब्बत, सिन्ज्याङ र ताइवान गरी ५ टुक्रामा विखण्डन गर्न पाए अमेरिकाको महाशक्तिको ताज स्थायी रुपमा सुरक्षित हुने अनि भारतले सन १९६२ को चीनसँगको युद्धमा भएको हारको बदला लिई तथाकथित चीनले कब्जा गरेको लद्याखको भूमि हडप्न पाइने हुँदा औपचारिक रुपमा एक चीन नीति माने तापनि भारत र अमेरिका रणनीतिक रुपमा चीनको विपक्षमा उभिएका छन् ।

नेपाल पनि पहिलेदेखि नै एक चीन नीतिमा अडिग रहेको भन्दै आएको हो । यसै नीतिअनुरुप मुस्ताङलाई आधार शिविर बनाएर तिब्बती खम्पाहरू अमेरिकी अत्याधुनिक हातहतियारबाट सुसज्जित भई तिब्बतको स्वतन्त्रताको अभियानमा अगाडि बढिरहेकोमा राजा वीरेन्द्रले शाही सेना लगाएर यसको दमन गरेका थिए । यी खम्पा विद्रोहीका नेता वाङ्दी त्यसै क्रममा नेपाल भारत सीमा दार्चुलामा मारिएका थिए भने यिनीहरूको




हतियार खोसेर शाही सेनाले त्यतिखेर टुँडिखेलमा प्रदर्शनमा राखेको थियो । यद्यपि पक्रिएका खम्पा विद्रोहीहरूलाई नेपाल सरकारले न त चीन सरकारलाई सुपुर्दगी गऱ्यो न त भारतको धर्मशालातिर लखेट्यो । यिनीहरूलाई शरणार्थीको दर्जा दिएर नेपालमै बस्न दिइयो । यो कसको प्रभावमा भयो भन्ने कुरा आजसम्म खुलेको छैन । त्यही बेलादेखि एक चीन नीति पनि भन्ने अनि तिब्बतीहरूलाई नेपालमा गोप्य रुपमा चीन विरोधी गतिविधि गर्न दिने व्यवहार देखिन थाल्यो ।

नेपालमा रहेका भुटानी शरणार्थीलाई आफ्नो देशमा लिएर जाने अमेरिका र क्यानडा नेपाल रहेका तिब्बतीहरूलाई किन आफ्नो देश लिएर जान चाहँदैनन ? किन नेपालमै राख्न चाहन्छन्, किन उनीहरूलाई परिचयपत्र देऊ भनेर उल्टो नेपाल सरकारलाई दबाब दिन्छन् ? कसरी महँगा महँगा अरबौं रुपैयाँ पर्ने गुम्बाहरू कसको पैसाले नेपालमा बनिरहेका छन् ? ती गुम्बाहरूभित्र के कस्ता गतिविधिहरू भइरहेका छन् के नेपाल सरकारलाई थाहा छ ? किन नहुनु ? थाहा नपाएको जस्तो गरेको छ





किन ? किनभने नेपाल सरकार अमेरिकी खेमामा उभिइसकेको छ तर चीनसँग सोझो दुश्मनी गर्दा हुने आपत्तिबारे नेपाल सरकार सजग छ अनि एकातर्फ सधैं एक चीन नीति भनेर भट्टयाई पनि रहन्छ अर्कोतर्फ अमेरिकी इसारामा जे जे भन्यो त्यही त्यही गरी पनि रहन्छ भन्ने कुरा अमेरिकाको नेतृत्वमा भएको डेमोक्रेटिक एलाइन्स सहभागिता जनाउनु, आइपिएसमा संलग्न भई त्यसैको अंगको रुपमा रहेको एमसीसी अनुमोदन गर्नु, एसपीपीमा संलग्नता हुनु आदि कुराले स्पष्टै पारिसक्दा पनि यो सरकार एक चीन नीति भनेर चीनलाई ललिपपको गुलियो चटाइरहेको छ । अनि चीन पनि हो न हो नेपाल एक चीन नीतिमा अडिग छ भनेर मख्ख परेर देखाइरहेको छ नबुझेको जस्तोगरी ।

हालै चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख नेपाल आउँदा नेपालले चीनलाई ललिपप चटाउने त्यस्तै व्यवहार देखाएको छ । यस्तो अवस्थाले निरन्तरता पाउञ्जेल नेपाल–चीन सम्बन्ध खाली देखावटी मात्रै हुनेछ । कुनै दिन चीनमा पुटिनजस्तै सन्की शासक आएको खण्डमा ताइवान र नेपालको युक्रेनजस्तै दुर्गति हुनेछ । तसर्थ एक चीन नीतिलाई देखाउने दाँत मात्रै नबनाउने हो भने नेपालमा रहेका तिब्बती शरणार्थीहरूलाई कि तिब्बत, कि धर्मशाला भारत कि भुटानी शरणार्थीजस्तै अमेरिका र क्यानडा पठाउने कार्यमा नेपाल सरकार सक्रिय हुनुपर्छ । अन्यथा एक चीन नीति देखाउने दाँत मात्र बनाउने हो भने नेपालको सार्वभौमिक अखण्डता कुनै पनि दिन सकिन बेर लाग्दैन ।

# नेपालको व्यापार घाटाको चिन्ता र चुनौती

**डा. सुमनकुमार रेग्मी**

हरेक वर्ष व्यापारघाटा बढ्दो छ । विगत वर्षजस्तै ०७८-७९ मा पनि व्यापारघाटा उच्च दरले बढेको छ । अघिल्लो वर्षभन्दा व्यापारघाटा एकतिहाइभन्दा बढी प्रतिशतले बढेको छ । एक दशककैं बीचमा नेपालको व्यापारघाटा १३ गुणाले बढेको छ । नेपालभित्र नै उत्पादन गर्न सकिने वस्तु तथा सेवामा पनि परनिर्भरता बढदै गएको छ ।

व्यापार घटाउन कम गर्न कि त आयात प्रतिस्थापन गर्नुपर्ने हुन्छ कि त देशको निर्यात बढाउनुपर्ने हुन्छ । तर पाँच वर्षयता उद्योगको वृद्धिदर तीन प्रतिशतभन्दा कम छ । न्यून उत्पादन, दैनिक उपभोगदेखि विलासितासम्मका वस्तुहरू र रेमिट्यान्सले बढाएको उपभोगका कारण व्यापारघाटा चुलिँदै गएको छ । उदारीकरण भन्दैमा गुणस्तरीयहीन विदेशी वस्तुमा रमाई देशमा अन्धाधुन्ध आयात दिन दुई गुणा रात चौगुणाजस्तो विदेशी वस्तुहरू आयात भइरहेका कारण नेपालको व्यापारघाटा बढ्दै गएको हो ।

यस्तै उत्पदनका लागि चाहिने कच्चा पदार्थको देशमा अभाव हुनु, बढी मूल्य अभिवृद्धि हुने वस्तु विदेशमा खोज नहुनु, वस्तु गुणस्तर तथा प्रमाणीकरणको अभाव र अरू यस्तै थुप्रै कारणले नेपालको व्यापार घाटा बढेर गएको छ । नेपाल त भारत र चीनमा उत्पादित वस्तुहरूको क्रिडास्थल बन्दै आएको छ । आर्थिक वर्ष ०७८-७९ को ११ महिना अर्थात जेठ ०७९ सम्म बजेटभन्दा ३१ अर्ब रुपैयाँ बढी व्यापारघाटा भएको छ । ०७८-७९ को ०७९ जेठ मसान्तसम्म देशको व्यापारघाटा २५ प्रतिशतले बढेर १५ खर्ब ७७ अर्ब रुपैयाँको भएको छ । सरकारले ०७८-७९ को मध्यावधि समीक्षा गर्दा बजेटको आकार १५ खर्ब ४६ अर्ब करोड रुपैयाँमा सीमित भएको छ ।

०७९ जेठ मसान्तसम्म देशको वस्तु तथा सेवाको निकासी ५३ दशमलव ३ प्रतिशतले बढेर १ खर्ब ५५ अर्ब पुगेको छ भने आयात २७ दशमलव ५ प्रतिशतले बढेर १७ खर्ब ६३ अर्ब १२ करोड रुपैयाँ पुगेको देखिन्छ । यस्तै कुल वैदेशिक व्यापारमा निकासीका हिस्सा भने ९ दशमलव ५३ प्रतिशतले बढेर ९० दशमलव ४७ प्रतिशत भएको छ । भारतसँगको व्यापार घाटा सबैभन्दा बढी ९ खर्ब ५५ अर्ब रुपैयाँ भएको देखिन्छ ।

भारतमा ०७८-७९ मा ११ महिनामा १ खर्ब ४५ अर्ब ९० करोडको मूल्यका वस्तु निकासी भएकोमा भारतबाट ११ खर्ब ९० करोड ३७ लाखको आयात भएको छ । निर्याततर्फ ४६ अर्ब ५८ करोड ७० लाखको भटमासको तेल निकासी भएकोमा ४ अर्ब ४५ करोडको सन फ्लावर तेल तथा ३९ अर्ब ११ करोड ७० लाखको पाम आयल निकासी भएको छ ।

गत आर्थिक वर्षको ११ महिनामा भारतबाट ११ खर्ब ९० करोड ३७ लाखको आयात भएको छ । उत्तरी देश चीनसँग २ खर्ब ४३ अर्ब ४७ करोडको व्यापारघाटा भएको छ । चीनतर्फ नेपालको निकासी ७३ करोड ९० लाखमा सीमित भई आयात आयात २ खर्ब ४४ अर्ब २१ करोड रुपैयाँ भएको छ । आयात मात्रै होइन कि हाम्रो निर्यात व्यापार कतिसम्म असन्तुलन छ भने भारतमा ११ महिनामा १ खर्ब ४६ रुपैयाँ बराबरको बस्तु निर्यात भएको छ भने चीनमा ७४ करोड रुपैयाँको बस्तु निर्यात भएको छ ।

भारतबाट सबैभन्दा बढी इन्धन आयात भएको छ । जेठ ०७९ सम्म ६ लाख ७८ हजार ६ सय ७१ किलो लिटर पेट्रोल आयातको लागि ६२ अर्ब ९१ करोड ९८ लाख खर्चिएको देखिन्छ भने १६ लाख २ हजार ४ सय ८ किलोलिटर डिजेल खरिदमा १ खर्ब ४५ अर्ब २१ करोड ९३ लाख खर्च भएको छ । त्यस्तै एलपी ग्याँस ५९ अर्ब १६ करोड तथा हवाई इन्धनका लागि १२ अर्ब ८८ करोड खर्च भएको छ ।

नेपालमा सबैजसो इन्धन भारतबाट आयात हुने गर्दछ । यद्यपि चीनबाट नेपालको कुल इन्धनको ३० प्रतिशत आयत गर्नुपर्ने कुरा ०७३ मा चीनसँग भएको व्यापार तथा यातायात पारबहन सम्झौता भएको छ । उत्तरी देश चीनसँग २ खर्ब ४३ अर्ब ४७ करोडको व्यापार घाटा भएको छ ।

चीनतर्फ नेपालको निकासी ७३ करोड ९० लाखमा सीमित भई आयात २ खर्ब ४४ अर्ब २१ करोड रुपैयाँ भएको छ । हाम्रो निर्यात व्यापार कतिसम्म असन्तुलन छ भने भारतमा ११ महिनामा १ खर्ब ४६ रुपैयाँ बराबरको बस्तु निर्यात भएको छ भने चीनमा ७४ करोड रुपैयाँको बस्तु निर्यात भएको छ ।

गत जेठमा राष्ट्र बैंकले कडा गरिएका वस्तुका आयात २७ प्रतिशतले वृद्धि भएको देखाएको छ । कडा कदमको बाबजुद ०७९ चैतसम्म यस्ता वस्तुका आयात २७ प्रतिशतले वृद्धि भएको देखिएको हो । आयात बढेर विदेशी मुद्रा सञ्चितीमा बाध्यता परेपछि राष्ट्र बैंकले ०७८ माघ २७ गते विभिन्न ४७ भन्सार कोड अनुसारका २७ सयभन्दा बढी वस्तुका शतप्रतिशतसम्म मार्जिन राख्नुपर्ने व्यवस्था गरेको थियो ।

राष्ट्र बैंकले कडा गरेको यस्ता सामानहरू ०७८-७९ को नौ महिनामा ३ खर्ब ३२ अर्ब रुपैयाँ बराबरका आयात भएको सरकारी निकायले बताएको छ । जब कि ०७७-७८ को नौ महिनामा २ खर्ब ५३ अर्ब रुपैयाँ यस्ता वस्तु आयात भएका थिए । कडा गर्नु अगाडि प्रतितपत्र खोलिएका वस्तुहरू त्यसपछि पनि आयात हुने भएकाले यस्को प्रभाव देखिन समय लाग्ने राष्ट्र बैंकले जनाएको छ ।

०७०-७१ मा नेपालबाट निर्यात ९० अर्बको मात्र थियो । नेपालबाट मूख्यतया भटमास तेल, उनी धागो, पाम तेल, फलाम, गलैंचा, कफी तथा चिया, तयारी पोसाक, पोलिस्टर धागो, अलैंचीलगायत निर्यात हुँदै आएको छ । नेपालले गुणस्तरीय वस्तुहरू उत्पादन गर्नसके विदेशमा माग भएको बुझिएको छ । देशमा गुणस्तरीय परीक्षण प्रयोगशालाको विकास गरी गुणस्तरहीन विदेशी सामानलाई प्रतिबन्ध गर्नु आज नितान्त आवश्यक छ । डब्ल्युटिओको प्रावधान भनेको जति पनि आयात गर्नै पर्ने अवस्था पक्कै होइन ।

पेट्रोलियम पदार्थ, इलेक्ट्रोनिक्स, अटो मोबाइल, गरगहना, कस्मेटिक लगायतको आयात ह्वात्तै बढेको पाइन्छ । लोडसेडिङका कारण औद्यौगिक क्षेत्र तथा घरेलु काममा पेट्रोलियम पदार्थको उपभोगमा बढ्दै गएको प्रवृत्ति र ब्याट्रीदेखि इन्भर्टरसम्मका वस्तुका माग बढ्दै गएकाले र फलाम-स्टिलका वस्तुका आयात, बहुमूल्य पत्थरका आयात, घिउ-तेल-खाद्यान्न, औषधि लगायतका आयात ह्वात्त बढ्दै गएको छ ।

नेपालको भारतबाट मात्र आयात नेपालको कुल आयातको ६५ प्रतिशतभन्दा बढी छ । निर्यात त करिब ९० प्रतिशत भारतमा मात्रै छ । आफ्ना कृषिजन्य उत्पादनमा भारतीय सरकारले अनुदान दिएकाले नेपालको कृषि उपजको मूल्य महँगो हुन गएको छ । नेपाली कृषि उपजले भारतीय बजार नपाउने र भारतीय कृषि उपजले नेपाली कृषि उपजको बजार डुबाइदिने अवस्था उत्पन्न भएको छ ।

धागो, पाम तेल, भटमासको तेल, मकै, सोयाबिन, फलफूल, तरकारी मासुजन्य पदार्थ, तयारी पोसाक जुन देशभित्र उत्पादन गर्न सकिने वस्तु हुन तर यिनै सामग्रीको आयात हरेकवर्ष कहालिलाग्दो हुँदै गएको देखिन्छ । कृषि कृषिजन्य र त्यसका सहायक उत्पादनको आयात मात्रै बाहिरका देशहरूबाट एक खर्ब रुपैयाँभन्दा बढी छ । नेपालमा मासुकै लागि भारतबाट २३ अर्ब रुपैयाँको पशु आयात हुने गरेको देखिन्छ । सन १९७० को दशकसम्म नेपालले आफ्ना कृषिजन्य उत्पादन भारत, चीनको स्वशासित क्षेत्र तिब्बत, बर्मा वा म्यानमार र टर्कीसम्म निर्यात गर्ने गरेको थियो ।

कृषिको व्यवसायीकरण, अनुदान, सहुलियतपूर्ण कृषि ऋण लगायतका सुविधामार्फत कृषि क्षेत्रको संरक्षण, आन्तरिक उपभोग्य वस्तु उत्पादकहरूलाई प्राथमिकता, व्यापार विविधिकरण, निर्यातजन्य वस्तुहरूको प्रतिष्पर्धी क्षमतामा वृद्धि लगायतका माध्यमहरू अपनाई व्यापारघाटा कम गर्न सकिन्थ्यो ।नेपालमा उत्पादित हुने वस्तुका मूल्य अभिवृद्धि गरी अन्तर्राष्ट्रिय बजारमा डब्लुटिओ, साफ्टा, बिमस्टेक लगायतका अन्य बहुराष्ट्रिय, क्षेत्रीय र द्विपक्षीय सन्धी-सम्झौताहरूले दिएका सहुलियतहरूको प्रत्यक्ष अधिकतम लाभ पाउन-उठाउन अब राष्ट्रिय रणनीति बनाउनै पर्दछ ।

नेपालको निर्यात व्यापार कुल गार्हस्थ उत्पादनको सरदरमा पाँच देखि आठ प्रतिशत छ । यो अफगानिस्तान, बुरुण्डी र सुडानजस्ता देशको तुलनामा समेत कम हो । नेपालको उत्तरी छिमेकी चीनको निर्यात व्यापार जिडिपीको २७ प्रतिशत रहेको छ ।अग्रगामी विकासशील अवस्थामा जान नेपाललाई आगामी ८ वर्षभित्र ९७ खर्ब रुपैयाँको लगानी आवश्यक पर्ने बताइएको छ । त्यसपछि मात्र निकासी बढन गई व्यापार घाटा घट्नेछ । लगानीका अवरोध बनेका दर्जनौं ऐन-कानुन-नियमका संशोधन तथा अन्य थुप्रै नयाँ ऐन ल्याउन आवश्यक देखिन्छ । त्यसमा सरकारले केही पहल गरेको देखिए पनि परिणाम देखिएको छैन ।

*(लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्वनायव कार्यकारी निर्देशक हुन्)*

# मैले देखेको २१५ औं विश्व पर्यटकीय स्थल

## आलेक्सान्द्रिया इजिप्टको काइतबे सिटाडेल (Citadel of Qaitbay)

सुरेन्द्र ढकाल



आलेक्सान्द्रियाको भूमध्यसागरीय तटमा रोटेरियन मित्र प्रेम ओलीका साथ सुरेन्द्र



किल्लाको प्रवेशद्वारमा पर्यटकहरू



किल्लाको प्रवेशद्वारमा रोटेरियन प्रेम ओलीसहित अन्य मित्रहरू



किल्लाभित्र प्रदर्शनमा राखिएका तोपहरू



किल्लाभित्रको पुरातात्विक संग्रह



किल्लासँगै रहेको प्राचीन लाइटहाउस



किल्लाको भित्री भाग यस्तो रहेछ



किल्ला वरिपरिको पर्खाल



किल्ला बाहिरको खाडीमा सञ्चालनमा रहेका डुंगाहरू



खाडीको भूमध्यसागरीय तटमा नौका विहार गर्दै सुरेन्द्र र रोटेरियन मित्रहरू

कायरोको पुरातात्विक म्युजियम अवलोकन गरेपश्चात् २८ डिसेम्बरका दिन हामीलाई कायरोबाट इजिप्टको अर्को विख्यात सहर आलेक्सान्द्रिया लगियो। कायरो आलेक्सान्द्रियाको दूरी करिब २२० किलोमिटर रहेछ।

बिहान ब्रेकफास्ट गरी बसमा त्यतातिर लागेको हामीलाई करिब १ बजेतिर बाटोमा पर्ने एक रेस्टुराँमा परेवाको भुँडीमा चामल कोचेर रोस्ट गरेको खाना खुवाइयो। त्यो खाना त्यहाँको विशेषता नै रहेछ। बाटोमा परेवा पालेको दृश्य निकै देखिन्थ्यो। त्यही कारण रहेछ। खाने क्रममा भुँडी खोतल्दै जाँदा बिर्यानीको स्वादको पुलाउ भेटिंदो रहेछ। धेरै खानेले रोस्ट गरेको दुइवटा परेवा लिँदा रहेछन्। मलाई भने एउटै परेवा काफी भयो। खानापछि हामी फेरि आफ्नो गन्तव्यतिर लाग्यौं र ३:३० बजेतिर हामीलाई आलेक्सान्द्रियाको समुद्री तटको एक तीनतारे होटलमा लगेर राखियो। आआफ्ना कोठामा हामी व्यवस्थित भइसकेपछि हामीले बेलुकी भूमध्यसागरीय तटको बालुवामा हिँडेर सामुद्रिक पानीमा एक घण्टा जति रमाइ बितायौं। बेलुका होटलमा रातिको खाना खाई हामी आआफ्नो कक्षतर्फ लाग्यौं। भोलिपल्ट २९ डिसेम्बरको बिहान ब्रेकफास्टपश्चात् हामीलाई काइतबे सिटाडेल अवलोकन गर्न लगियो। जम्मा १२ किलोमिटरको दूरी पार गर्नासाथ हामी सिटाडेल परिसर पुग्यौं।

### काइतबे किल्ला (सिटाडेल)

यो किल्ला १५ औं शताब्दिमा आलेक्सान्द्रियाको भूमध्यसागरीय तटमा सुरक्षाको दृष्टिकोणबाट बनाइएको रहेछ। सन १४७७ मा सुरु भई सन १४७९ मा यो किल्लाको निर्माण कार्य सम्पन्न भएको रहेछ। फराव टापुको उत्तरी मोहडाको पूर्वी किनारमा रहेको यो किल्ला तत्कालिन सुल्तानद्वारा बनाउन लगाइएको रहेछ। इजिप्टको मात्रै नभई भूमध्यसागरीय तटीय देशहरूकै महत्वपूर्ण सामरिक सुरक्षा बल मानिने यो किल्ला प्राचीनकालको सात आश्चर्यमध्ये एक आलेक्सान्द्रियाको दीपगृह (Lighthouse of Alexandria) संगै ठड्याइएको रहेछ। यो दीपगृह अरबीहरूले यस क्षेत्रमा अधिकार जमाउञ्जेल प्रयोगमा आएको रहेछ।

पछि ११औं र १४औं शताब्दिमा आएका विभिन्न भूगर्भीय अनि भूकम्पीय विनाशको कार यस गृहको आकारमा परिवर्तन आए तापनि यसको संचालन जसोतसो वर्तमान कालसम्म कायमै रहेछ। सन १४८० मा सिर्कासियन मामेलुक सुल्तानले यस किल्लालाई तुर्कहरूको आक्रमणबाट इजिप्टलाई सुरक्षा गर्न अग्ला पर्खालले घेरेका रहेछन्। त्यही बेलामा उनले किल्लाभित्र एक मस्जिद (Mosque) पनि बनाउन लगाएका रहेछन्। यो किल्ला आलेक्सान्द्रियाको भाइसराय काइतको नामबाट विख्यात हुनुको कारण उनी कला र वास्तुकलाका पारखी रहेछन्। यो किल्ला बनाउन उनले आफ्नो अगुवाइमा एक लाख सुनको दिनार खर्च गरेका रहेछन्। यसको अतिरिक्त यिनले मेक्का मदिना र जेरुसेलम लगायत इजिप्टकै ७० भन्दा बढी पुरातात्विक भवनहरू जस्तो मस्जिद, मदरसा, सेविल फोहरा, कुतुव मिनार र किल्लाहरू बनाउन वा जिर्णोद्धार गर्न लगाएका रहेछन्।

यस्तो गर्नुको एउटै कारण भनेको त्यतिखेरको शक्तिशाली ओट्टोमन साम्राज्यको हमलाबाट इजिप्ट र यसको कला र वास्तुकलाको सुरक्षा गर्नु रहेछ। पछि कान्सु अल घुरी सुल्तान भएपछि उनले आफ्नो ध्यान यस किल्लाको सुरक्षामा केन्द्रित गरी त्यहाँ हातहतियारले सुसज्जित सैनिकसहितको ब्यारेक र कारागार पनि बनाउन लगाएका रहेछन्। त्यहाँबाट हातहतियार बाहिर ल्याउन नपाउने र किल्लाभित्रका सिंहमरमरले बनेका पुरातात्विक वस्तुहरू चोरी गरेमा मृत्युदण्ड दिने कानुन बनाई सिंहमरमरको प्लेटमा सो कुरा उल्लेख गरी किल्लामा टाँस्न लगाएका रहेछन्। राजकीय कामकाजबाट फुर्सत पाउँदा आफ्नी रानीलाई लिएर विलासी क्षण बिताउन सुल्तान त्यहाँ आउँदा रहेछन् र आफूसँग विमती राख्ने रानीहरूलाई त्यहीँ कैद गरेर राख्ने जस्ता कार्य गर्दा रहेछन्।

अट्टोमन साम्राज्य अन्तर्गतका तुर्कहरूले इजिप्टलाई आफ्नो अधिनमा लिएपछि उनीहरूले पनि यो किल्लाको संरक्षणमा विशेष चासो देखाएका रहेछन्। पछि कालान्तरमा अट्टोमन साम्राज्य कमजोर भएपछि यस किल्लाको सैनिक महत्व झण्डै शून्य हुन पुगेको रहेछ। सन १७९८ मा यस किल्ला फ्रेन्चहरूको अधिनमा गएको रहेछ। सन १८०५ मा मोहमद अलि पासा इजिप्टको शासक भएपछि उनले तोपलगायत अन्य हातहतियारले सुसज्जित गरी यस किल्लाको गौरवलाई पुनर्जीवित गरेका रहेछन्।

सन १८८२ मा ओरावी क्रान्तिताका बेलायती सैनिकहरूले आम रुपमा बम आक्रमण गरी यो किल्लालाई ध्वस्त बनाएको कारण २० औं शताब्दिसम्म यो किल्ला वेवारिसी बन्न पुगेको रहेछ। पछि १९०४ मा राजा फारौकले आफ्नो रक्षा मन्त्रालयमार्फत यस किल्लाको पुनरनिर्माण गरी राजकीय विश्रामस्थलको रुपमा यस किल्लालाई जीवन दिएका रहेछन्। पछि यो किल्ला इजिप्टसियन जलसेनाको अधिनमा पुगेछ र सन १९८४ मा गरिएको पुनरनिर्माणपश्चात यो किल्ला जलसैनिक म्युजियमको रुपमा रुपान्तरण हुन पुगेछ। हामी त्यहाँ पुगी किल्लाको परिसर म्युजियमलगायत सबै पुरातात्विक वस्तुहरू अवलोकन गरी बेको भूमध्यसागरीय तटमा रहेको खाडीमा नौका विहार गरी त्यसै दिन बेलुका कायरो फर्क्यौं।

कथा

# छोरीको जिन्दगी

दिपा धिताल

निता भर्खर सोह्र वर्षमा लागेकी थिई घरमा उसको बिहेको कुरा चलाइयो, उसले भनी म अँझै बिहे गर्दिन म धेरै पढ्न चाहन्छु। निताको कुरा सुनेर उसका बाबा आमाले भने - छोरी मान्छे बिहे गरेर जानुपर्छ उमेर पुगेपछि माइतीमै बस्यो भने समाजले कुरा काट्छ तैले अब बिहे गरेर जानैपर्छ। के गरोस निता निकै सोझी मान्छे उसले आफ्ना बा आमाको कुरालाई नकार्न सकिन र ऊ नचिनेको मान्छेसँग बिहे गरेर पराई घरमा गई। पहिला त उसलाई राम्रै भयो पराई घरमा तर समय बित्दै जादा उसको जीवनमा आधिबेहरीले घेर्ना थाल्यो उसले जवरजस्ती पन्छ्याउने कोसिस गरी तर के नै लाग्थ्यो र निर्दोष जननीको। जीवनभरी सँगै जिउने सँगै मर्ने बाचा कसम खाएर अग्नी साक्षी राखेर बा आमाले नै कन्यादान गरी दिएको जीवनसाथी नै घाती, बर्वादी भएपछि कसको के नै लाग्छ र ? शायद निताले पहिले नै उसको बानी व्यवहार थाहा पाएको भए उसले बिहे नै गर्ने थिइन। फेरि उसले कहाँ गरेकि होर उसका बा आमाले जबरजस्ति गराइदिएका हुन् उसको बिहे।

बा आमा पनि किन यति निष्ठुरी बन्छन् ? किन छोरीहरूलाई पराई घरमा मात्र जाने जात हो भनेर छोरीहरूका इच्छा चाहनाहरू बुझ्दैनन् ? पराई घर कस्तो छ ? छोरीको जीवन साथीको बानी व्यवहार कस्तो छ ? नबुझेरै धनी हुनेखाने छ भनेर किन हुत्याउछन् छोरीलाई ? फेरि छोरीको भविष्य नहेरेर धनको पछि मात्र किन लाग्छन् ? किन समाजको पछि लाग्छन् ? यो समाजले पनि छोरी माथि नै किन औला ठड्याउछन ? के छोरीलाई पनि स्वतन्त्र रुपमा हिड्न पाउने अधिकार छैन ? यावत प्रश्नहरूको जवाफ दिने को छ ?

फेरि फर्कियो उही साउन र भदौ जहाँ हिलो,पानी,आँधी भेरीमा लटपटिदै हिड्न पर्ने। जिन्दगी पनि कस्तो जिन्दगी। सुःख भोग्न नपाउदै सधैभरी दुःखका समुद्रका छालहरूमा घेरिरहनु पर्ने।

सायद निताको बा आमाले यो कुरा बुझेको भए उसले आज दुःख पाउने नै थिइन। उसको जीवनमा ढुङगा र मुढाहरू वर्षने थिएनन् होला। बीचरी सोझी निता आफ्नै लाग्नेको अमानवीय व्यवहारबाट ऊ निकै आजित भइसकि। के गरोस माइतीमा जाओस त घर गरेर खाना नसक्ने भनेर माईतीले छि छि र दुर्दुर गर्छन्। घरको लोग्नेको त्यो चाला छ दिभर कुकुर झै डुलेर जाँड रक्सी खाएर घरमा



आउछ नितालाई हकार्छ कुट्छ पिट्छ तर पनि उसले सहन्छे भएन भनेर एउटी जननीलाई पुरुषहरूको सुखभोग सम्झेर आफ्ना साथीहरूलाई समेत निता कहाँ पठाइदिन्छ। निता त्यो कुकुर लोग्नेको व्यहारबाट पन्छिन खोज्छे अनि फेरि उसको पिटाई सहन बाध्य हुन्छे।

कोही पुरुषहरू किन यति दानवभन्दा भयानक बन्छन्। पुरुषको मात्र के कुरा गरौं कति महिलाले महिला माथि नै क्रुर व्यवहार किन देखाउछन्। एउटी नारीलाई अर्की नारीले दिनु पर्ने जुन साथ सहयोगको सट्टा किन शत्रुताको व्यवहार देखाउछन्। निता लोग्नेको मात्र सिकार नभएर घरकै आमाजु सासूको व्यवहारबाट पनि निकै पीडित भइसकेकी छ। ऊ राम्रोसँग निदाउन पनि पाउदिन। निदाउनु त के पेटभर खान पनि पाउदिन।उसको आमाजु नन्द सासूले नै उसलाई पेटभरी खान पनि दिदैनन्। बरु कुकुर भुक्यो भने कुकुरले खाना पाउँछ तर त्यस घरमा निताले पेटभर खाना पाएको दिन कहिल्यै छैन। त्यसलाई काममा मात्र जोताइन्छ। एकदिन त ऊ मर्न भनेर डोरी बोकेर जङ्गलतिर जान्छे मर्न भनेर रुखको हाँगामा डोरी झुन्ड्याएर घाँटिमा के बेर्न थालेकि हुन्छे ठिक त्यसैबेला कसैले देख्छ र उसलाई बँचाउँछ। त्यसबेला मृत्युले पनि देखेन अन्धो भएछ क्यारे निता बोल्छे। आखिर निता किन त्यो सब सहन बाध्य हुन्छे। के तपाई जान्न चाहानुहुन्छ ? निताको कथा। किनकि नितालाई माइतिको डर छ। घर गरेर खाना नसक्ने अल्छी भनेर, समाजको डर छ लोग्ने सासूका मुखामुख लाग्छे घर गरेर खाना सक्दिन भन्छन् कि भनेर। त्यसैले ऊ चुपचाप त्यो सब सहन बाध्य हुन्छे। आफ्नो अस्तित्वको रक्षा आफैले गर्नु। राधा र द्रौपदीले झैँ निरीह बनेर हैन, दुर्गा बनेर आफ्नो जिन्दगीको रक्षा आफैले गर्नु

समय बित्दै जान्छ निताले बिहे गरेको वर्षदिन पुगेको छैन। त्यो घरको कुकुरको जस्तो व्यवहार सहदा सहदै उसको अनुहार नै बदलियो। पहिले कि जस्ती निता भइन। हुनु पनि कसरी, राम्रोसँग साझ निदाउनु छैन, पेटभरी खाना पाउनु छैन। सधैभर घरमा पनि नोकर झै दलिनु पर्छ। निता एक दिन घर छोडेर माइती मै बस्न आई माइतीमानै बा,आमा दाजुभाइ,दिदी बहिनीहरूले नै अमानविय व्यवहार गर्छन। धेरै दिन ऊ माइतीमा पनि बस्न सकिन।

निता त्यो घर माइती छोडेर फेरि अर्को घरमा बिहे गरेर जान्छे। नजाओस पनि कसरी उसलाई बसीसहनु कहीं पनि छैन। उसका लागि कोही भएन, आफ्नो न बाआमा नै भए न दिदीवहिनी न लोग्ने नै भयो। उसलाई पहिला फकाएर एक्लै छ एक वर्ष पहिला स्वास्नी बितेको अरु कोही छैनन् भनेर फेरि बिहे गरादिन्छन् आफन्तहरूले। निताले एक हप्ता पछि थाहाँ पाउछे उसका त चारभाइ छोराछोरी छन् भनेर। फेरि पनि उसको जीवनमा हुरी, आँधी तुफानसँगै आउछ। पहिलेको लोग्नेबाट त्यस्तो दोस्रो लोग्ने पनि त्यस्तो विधिको विधान र कर्मको लेखान कसले नै मेट्न सक्छ र,निताले मेट्न त खोजेकि हो तर सकिन। जे जस्तो भए पनि दोस्रो लोग्ने सिपाही भएको कारण त्यही घरमा दोस्रो लोग्नेसँग पहिलेभन्दा अली सुख्खका साथ बस्न थाली।

निताले समयलाई पन्छयाउदै गई। जीवनलाई अली जीवन जस्तो बनाउदै गई। समय पनि बित्दै गयो अलि सुःखका दिन फिर्दै गए निताले आफ्नो कोखबाट एउटा सन्तानलाई पनि जन्म दिई। अब त निताले सुःख र सन्तोष पाउने भई र, कतिले भन्न नपाउदै फेरि फर्कियो उही साउन र भदौ जहाँ हिलो,पानी,आँधी भेरीमा लटपटिदै हिड्न पर्ने। जिन्दगी पनि कस्तो जिन्दगी। सुःख भोग्न नपाउदै सधैभरी दुःखका समुद्रका छालहरूमा घेरिरहनु पर्ने। बिहे गरेको केही वर्ष पछि फेरि निताको लोग्ने बिरामी पर्यो, उसका दुइवटै मृगौला खराब देखिए निताले लोग्नेलाई बचाउनको लागि धेरै ऋृण काढेर भएपनि लागि परी तर बचाउन सकिन दैवले उबाट पनि खोसेर लगिदियो। किन नितालाई मात्र दुःख दिन्छ दैवले नि, पटक पटक किन बैरी बनेको छ ऊसँग ईश्वर पनि ? पहिलो जीवन साथीबाट कुकुरको व्यहार सहनु पर्यो दोस्रोबाट यौवनमै विधवा हुनुपर्यो।

निताले लोग्नेको उपचार गर्दा कारेको ऋृण धेरै छ तिर्नुपर्ने, कसरी तिर्ने ? ऊ बहुला जस्ती हुन्छे। उता छोरालाई पढाउनुछ उपचार गर्दा लागेको ऋृण तिर्नुछ। माइतीमा दिदीबहिनी दाजुभाइ बा आमा सबैबाट ऊ घृणित भइसकेकी छ। मोमाइलमा घन्टी बज्छ पटक पटक उठाउछे ऋृण लगेको तिर्ने होइन ? कहिले हो तिर्ने ? अरुको रिन खान मजा आउछ के हो ? तिर्ने भए तिर्ने नत्र" .नाना थरीका आरोप अश्लील शब्द। एउटी दुखी असहाय एकल नारीलाई बोल्नु र गर्नुपर्ने व्यवहार कत्ति पनि छैन। पैसा मात्र जिन्दिगी सम्झनेहरूले यसै बोल्छन्। निता चुपचाप सहन बाध्य हुन्छे। सिपाही भएको कारण लोग्नेको पेन्सनले उसले सके जति ऋृण तिरेकै छे तर पनि पुगेको छैन। उसलाई जसरी नि ऋृण तिर्नुछ।आजभोली ऊ एउटा बोर्डिङ स्कुलमा केटाकेटीलाई हेर्ने खाना पकाउने भाँडा मिस्ने काम गर्छे। स्कुलले पनि उसलाई हेरेको छ, छोरालाई निसुल्क पढाइदिएको छ। निता निकै सोझी छे। जे जस्तो भए पनि ऊ सहेरै बसेकी छ अलि अलि गर्दै ऋृण तिरेकै छे।

निता तिमीले इमान्दिारीताका साथ काम गर्नु। छोराको भविष्य बोकेर हिड्नु। मानव भनिने दानवहरूको व्यहारबाट बच्नु। आफ्नो अस्तित्वको रक्षा आफैले गर्नु। राधा र द्रौपदीले झैँ निरीह बनेर हैन, दुर्गा बनेर आफ्नो जिन्दगीको रक्षा आफैले गर्नु एक दिन तिम्रो पनि पालो अवश्य आउनेछ। तिमीलाई आज कुल्चिएर हिड्नेहरूले भोलि तिम्रो खुट्टा ढोग्न आउनेछन्। धैर्य गरेर बस्नु , सघर्ष गर्नु, तिम्रो पनि सुःखको दिन अवश्य फिर्ने छ।

कविता

## लुतो

(लुतो दिवस विशेष)



● प्रेम ओली
(ढकलपुरे)

अब यो लुतोलाई कति कन्याउनु ?
कन्याइ कन्याइ घाउ कति बनाउनु ?
आजैका दिन यो लुतोलाई फाल्नुपर्छ
कन्याउन मन लागे नयाँ लुतो हाल्नुपर्छ
तीस बर्षदेखि पालेको यो लुतो
अब न कन्याउँदा मजा आउँछ,
न खोस्रिदा मजा आउँछ

सुके लुतो परेछ कि भैंसी लुतो परेछ ?
अब त यो लुतो कुहेको फर्सी जस्तो पो गन्हाउँछ
कतै एलर्जी भाको जस्तो चिलाउँछ
कतै काउछो लाको जस्तो चिलाउँछ
देशको सारा ढुकुटी यै लुतोमा बिलाउँछ।

लुतो पनि रुप फेरि फेरि आउने
कहिले प्रजातन्त्रे लुतो भन्या छ
कहिले लोकतन्त्रे लुतो भन्या छ
आखिर पकुवा लुतो परेछ यो
जनता खाली बेबकुब बन्या छ।

लुतो पनि कस्तो परेछ भने
जनताले जति कन्यायो उति टट्टाउने
नेताले जति कन्यायो यति मजा पाउने
यो संघीय लुतो झनै खतरा
ढुकुटी सबै यसैले स्वाहा पार्ला जस्तो छ
पाली राख्यो भने यो लुतोले
देशै उत्तानो पार्ला जस्तो छ।

कति कन्याउनु यो भैंसी लुतो ?
अगुल्टोमा झोसेर हुन्छ कि अङगार ठोसेर हुन्छ
यो लुतोलाई पाती मन्साएर फाल्नुपर्छ
कन्याउनै पर्छ भने अर्को लुतो हाल्नुपर्छ।

## प्याज र लसुनको बोक्रा पनि उपयोगी

धेरै फलफूल र तरकारीहरूमा बोक्रा हुन्छन्। हामी प्रायः यी बोक्रा निकालेर फ्याँक्छौं। तर यस्ता केही तरकारीहरू पनि छन् जसको बोक्रा स्वास्थ्यका लागि निकै फाइदाजनक मानिन्छ। यसमा प्याज र लसुन पनि पर्छन्। हो, प्याज र लसुन मात्र होइन, यसका बोक्राले पनि धेरै समस्याको उपचार गर्न मद्दत गर्छ। प्याज र लसुनको बोक्राको प्रयोग विभिन्न तरिकाले गर्न सकिन्छ। प्याज र लसुनको बोक्राको फाइदाबारे थप जानकारी लिऔं।

प्याज र लसुनमा प्रशस्त मात्रामा पोषक तत्व पाइन्छन्। प्याज र लसुन खाँदा स्वास्थ्यका लागि थुप्रै फाइदा मिल्छ। प्याज र लसुनको बोक्रा शरीर दुख्दा वा चिलाउँदा प्रयोग गर्न सकिन्छ।

धेरैजसो मानिसले मांसपेशी दुख्दा पेन किलरको सेवन गर्छन्। तर यदि तपाईंले चाहनुभयो भने मांसपेशीको दुखाइ कम गर्न प्याज र लसुनको बोक्रा पनि प्रयोग गर्न सक्नुहुन्छ। यसका लागि तपाईं एउटा प्यानमा पानी लिनुहोस्। यसमा प्याज र लसुनको बोक्रा हालेर राम्ररी उमाल्नुहोस्। अब यो पानी छानेर पिउनुहोस्। प्याजको बोक्राले मांसपेशीको दुखाइ र क्र्याम्प कम गर्न मद्दत गर्दछ।

शरीर वा छाला चिलाइरहने समस्या छ भने प्याज र लसुनको बोक्रा पनि प्रयोग गर्न सकिन्छ। विशेष गरी यी बोक्राले खुट्टा चिलाउने समस्याबाट राहत दिन्छ। यसका लागि प्याज र लसुनको बोक्रालाई पानीमा राम्ररी उमाल्नुहोस्। अब यो पानीमा आफ्नो खुट्टा राख्नुहोस् र केहि समयसम्म राख्नुहोस्। यसो गर्दा चिलाउने समस्याबाट धेरै हदसम्म आराम दिन्छ।

आजकल मानिसहरूमा निद्रा नलाग्ने समस्या सामान्य बन्दै गएको छ। तनाव, चिन्ता र डिप्रेसनका कारण राति निन्द्रा नलाग्ने समस्या देखिन थालेको छ। यस्तो अवस्थामा पनि तपाईंलाई प्याज र लसुनको बोक्राले फाइदा पुर्याउन सक्छ। यसका लागि प्याजको बोक्रा र चियापत्तिलाई पानीमा हाल्नुहोस्। अब यसलाई उमाल्नुहोस् र छानेर पिउनुहोस्। तपाईंले यो चियालाई नियमित रुपमा सेवन गर्न सक्नुहुन्छ। यसले तपाईंको तनाव कम हुन्छ र निन्द्रा पनि मिठो पर्छ।

प्याज र लसुनको बोक्रा पनि कपालको लागि उपयोगी साबित हुनसक्छ। वास्तवमा प्याजमा सल्फर हुन्छ, जुन कपालका लागि फाइदाजनक हुन्छ। यसका लागि प्याजको बोक्रालाई पानीमा उमालेर छान्नुहोस्। अब यो पानीलाई स्याम्पु लगाएर पखालिसकेको कपालमा हाल्नुहोस्। यसले तपाईंको कपाललाई पोषण दिनेछ र कपाल बलियो हुनेछ।

## व्रत बस्दाका फाइदा र बेफाइदा

काठमाडौं। व्रत बस्दा पेट सफा हुने र पाचन प्रणाली सन्तुलित भई जीवनशैली स्वस्थकर हुने विश्वास गरिन्छ। व्रत बस्नुको फाइदा मात्र हैन बेफाइदा पनि छ। दीर्घरोगी र औषधि सेवन गरिरहेकाहरूका लागि व्रत बस्नु उचित हुँदैन, जसलाई ग्यास्ट्रिकको समस्या छ, खालीपेट धेरैबेर बस्नुहुँदैन, उनीहरूले व्रत नबस्नु नै उचित हुन्छ।

हुन त उपवास बस्दा भोजन छुट्छ, खानपानमा रमाइँदैन। स्वास्थ्य अवस्थाको आधारमा फलाहार गर्न सकिन्छ। तर अरू दिनमा जस्तो जुठो बिटुलो, माछा मासु नखानु भन्ने हाम्रो परम्परा र शास्त्रीय मर्यादामा उल्लेख गरिएको छ। शिवजीको व्रत बस्ने प्रक्रिया यही नै हो।

निर्जला, जलाहार र फलाहार गरी व्रतलाई तीन प्रकारमा विभाजन गर्ने गरिएको छ। यीमध्ये आफूलाई जुन सहज हुन्छ सोहप् प्रकारको व्रत बस्नु राम्रो हुने स्वास्थ्यविद्हरु बताउँछन्।

साउनको व्रतमा सामान्यतया अन्न भोजन नगर्नु उपयुक्त हुन्छ। तर विभिन्न रोगको औषधि सेवन गरिरहेको व्यक्तिले फलाहार गरेर व्रत बस्न सक्ने उनी बताउँछन्। 'समय-समयमा पानी, दूध र फलफूल खाइरहनु पनि उचित हुन्छ। शरीरको अवस्था सामान्य भएकाहरूको फल नखाई पानी र दूध दही खाएर जलाहार व्रत बस्न सक्छन्। निराहार व्रत बस्नु चाहिं स्वास्थ्य दृष्टिकोणले पनि त्यति उचित हुँदैन,' स्वास्थ्य विज्ञको सुझाव छ। यदि स्वास्थ्य अवस्था ठीक छैन भने बिहानी पख फल सेवन गरेर बेलुकी एकपटक चोखो खाना खान सकिन्छ।

साउन महिनालाई चोखो खाना खाने महिना भनिन्छ। यो महिनामा माछामासु नखाने, लसुन प्याज नखाने चलन छ। साउनमा सबै खेतबारीमा धान, मकै रोपिने भएकाले हरियो सागसब्जी र फलफूल कम मात्रामा मात्र पाइन्छ।

पानी धेरै पर्ने भएकाले खोलानालामा बाढी आएको हुन्छ। जसले गर्दा पानीको स्रोतहरू पनि फोहोर हुन्छन्। बाढी पहिरोले बगाएर ल्याएको त्यो फोहोर जनावरहरूले खान्छन्। त्यो फोहोर पानी खाएको माछामासु स्वस्थकर हुँदैन। त्यस्ता जनावरको मासु खाँदा बिरामी हुने जोखिम भएकाले साउनमा माछा, मासु र अण्डा नखानु राम्रो हुन्छ भन्ने वैज्ञानिक आधार रहेको पोषणविद् अनुश्री आचार्य बताउँछिन्।

व्रत बस्नुको फाइदा मात्र हैन बेफाइदा पनि छ। दीर्घरोगी र औषधि सेवन गरिरहेकाहरूका लागि व्रत बस्नु उचित नहुने आचार्य सुझाउँछिन्। 'जसलाई ग्यास्ट्रिकको समस्या छ, खालीपेट धेरैबेर बस्नुहुँदैन, उनीहरूले व्रत नबस्नु नै उचित हुन्छ,' उनी भन्छिन्। दीर्घरोगीहरूले व्रत बस्नै परे पनि बेलाबेलामा पानी, दूध, दही र फलफूल सेवन गरिरहनुपर्छ। शारीरिक अवस्था अनुसार व्रतमा खाने फलफूल र दूध दहीले पनि कतिलाई सञ्चो नहुने आचार्य बताउँछिन्। कसैलाई खाली पेटमा दूध खाँदा पेट खराब हुन सक्छ। त्यस्तो व्यक्तिले दूधको सट्टा दही सेवन गर्नुपर्छ।

भूमिका

# जे छ त्यो छ, जे छैन त्यो पनि छ

✍ डा. खेम कोइराला बन्धु

पढ्नै पऱ्यो।
पढें।
केही छ भनेर पढें।
केही पनि छैन होला भनेर पढें।
खोट खोज्न पढें।
चोट दिन पढें।
केही पाउन पढें।
पढ्न भनेर पढें।
नपढ्न भनेर पढें।
पढौं नपढौं भनेर पढें।

तर पढ्दै जाँदा खुब पढ्न मन लाग्यो। अनि पढ्न थाले – चारैतर्फ फर्केर।

वादविवाद, सम्वाद मनोवाद, व्यङ्ग्य फुर्क्याइँ सब पो भेटें।

+++

पढिनुअघिनिर्मोही थिएँ, मोहित भएँ।

अनि प्रवेश गरें। जब पसें, निस्कनै सकिनँ। सुरुमा प्रवेशै पाइनँ। कतातिर फर्कौं। सुरुमा लागेथ्यो गन्थन। तर विवरण भेटें। कतै भेटें हीरा, कतै भेटें मोती। खोज्न पो सकिनछु। सुरुमा खरानी भनेर पन्छाउन खोजें। भूस भनेर फाल्न खोजें।

रहेछ क्वाँटी, त्यसलाई बुझ्न सक्नुपर्ने रहेछ।

सोचें, केही समसामयिक कुरा होलान् ! अझ सोचें, विवरण होला– पट्यार लाग्दो।

यस्तै त हुन्छन् धेरै आत्मप्रशंसामा रुमल्लिएका, अरुलाई छ्याँसिएका लेखोटहरू। त्यही मनले म प्रवेश गरेको थिइनँ। पछि म आह्लादित भएँ – जब यसको अन्तर्लक्ष्यमा प्रवेश गरें।


+++

एउटा पत्रकार, कतै लेखक बन्छ ?
एउटा लेखक, कतै पत्रकार बन्छ ?
अथवा एउटा कर्मचारी र लेखक !

यी सामान्यतः नमिल्ने कुरा। यो नमिल्ने कुरामै पन्त आएको छ – रामप्रसाद पन्तको रूपमा।

उसलाई धेरैले कर्मचारी भनेर चिन्छन्। सरकारी उच्चपदस्थ कर्मचारी भनेर चिन्छन्। कतिले त राष्ट्रबैंकको कर्मचारी भनेर पनि चिन्छन्। सम्भवतः कुनै बेलाको क्याम्पसको अध्यापक पनि हो ऊ। तर यी ऊ केही पनि होइन। किनभने उसमा यी पूर्व भइसकेका छन्। ऊ त आज कि लेखक छ, कि साहित्यिक पत्रकार छ। (सामान्य रूपमा उसलाई कतिले समाजसेवी भन्छन्, कतिले सङ्गठन सञ्चालक भन्छन्, पुरस्कार दाता भन्छन्। प्रकाशक त ऊ हुँदै हो। दायित्व वाङ्मय प्रतिष्ठानको तर्फबाट यी उसका आफ्नै पाटाहरू छन् त्यतातर्फ म जान्नँ।)

धेरैले भने– ऊ वामपन्थी हो, तर उसको वामपन्थीपन मैले कुनै रूपमा पनि पाइनँ। ताना




शर्माले भनेझैं प्रजातान्त्रिक आचरण। म चाहिँ यसलाई प्रजातान्त्रिक व्यक्तित्व भन्न रुचाउँछु।

+++

कुनै दिन कमलमणिले मलाई भने– दायित्वले सय अङ्क पूरा गऱ्यो। 'नेपाली' मासिक भन्दा ढिलो निस्केको दायित्व ठूलो साइजमा धेरै पेजमा निकाल्नु कति ठूलो गौरव र महफ्वको कुरा। दायित्वको १०० औं अङ्क उनको टेबुलमा थियो। सन्दर्भ थियो– नेपाली पत्रिकाको पातलोपन। उनले थपे– 'म त निर्वाह गर्नका लागि मात्र नेपाली प्रकाशन गरिरहेको छु।' तपाईंले त नौलो नेपाली मासिकको स्थायित्व पनि दिन सक्नुभएन, कठिन कार्य। आज रोचकजी र नगेन्द्रजीहरू लागिरहेका छन्। यी केही पत्रिकाहरू यस्तै केही अरु पत्रिकाहरू पनि छन्– जनमत, तन्नेरी, वैजयन्ती, कौशिकी, वनिता, कल्पतरु आदि। यी सबै पत्रिका देख्दा मलाई आफूले प्रकाशन गरेसरह खुशी लाग्छ। म गद्गद् हुन्छु। यो प्रसङ्ग स्वर्गीय कदीको स्मृतिमा आज मैले सान्दर्भिक ठानेको छु।

आज फर्केर हेर्छु– उनका दुई दर्जन कृति प्रकाशित भएका छन्। तीमध्ये निबन्धविधाका एक दर्जन। कथा, कविता, उपन्यास र काव्य विधाका एक दर्जन। यिनै सन्दर्भमा आज म एउटा पाठकको रूपमा यो सिक्किमदेखि-सिमलासम्म कृतिमाथि पर्यावलोकन गर्न गइरहेको छु। यो मेरो एउटा रहर हो। यसकृतिभित्र म पक्कै पस्ने प्रयास मात्र गर्छु (त्यसभन्दा अघि पन्तको दायित्व, उनको सम्पादन, उनको प्रकाशन, उनका सरकारी हैसियतहरू, उनका राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मानहरूलाई म परिशीलन गर्न आवश्यक ठान्दिनँ।)

+++

सम्झन्छु– साहित्यिक जागरणमा उनको अध्यक्षताको प्रकाशनबाट पुराना प्रतिष्ठित र युवा गरी विभिन्न विधा गरी झन्डै सय कृति प्रकाशित भइसकेको सन्दर्भ छ।

सम्झन्छु – उनको प्रधानसम्पादकत्वमा दायित्वका विभिन्न विशेषाङ्कहरू जनआन्दोलन-२०४८, भारतीय नेपाली साहित्य -२०५०, कविता २०५१, रजत २०५२, कथा २०५४, शङ्कर कोइराला २०५४, यात्रा २०५५, विशिष्ट साहित्यकार २०५६, शङ्कर कोइराला २०५८, लघुकथा २०५९, शङ्कर कथा २०६०, निजामति साहित्यकार २०६१, स्वर्णविशेष २०६१, लोकसाहित्य २०६३, महाकवि देवकोटा २०६६, समालोचना २०६८, पीयुष २०६८, बिपी कोइराला २०७१, भानुद्विशताब्दी २०७१, दायित्व वाङ्मय २०७२, महाभूकम्प २०७२, नाकाबन्दी २०७२, गणेशमान २०७३, शताङ्क सम्पादकीय २०७३।

यी विशेषाङ्क आफ्नै विशिष्टता वहन गरिरहेका छन्।

साहित्यकार पन्तको साहित्यिक विशिष्टाको पक्षमा विभिन्न समालोचकहरूले बोलेकै छन्। त्यसमध्ये कृष्णचन्द्रसिंह प्रधान, वसन्तकुमार शर्म्मा, राजेश्वर देवकोटा, शिव रेग्मी, गोपीकृष्ण शर्मा, रामप्रसाद ज्ञवाली, नेत्र एटम, दुर्गाप्रसाद अर्याल, जयराज पन्त जस्ता व्यक्तित्वहरूका गहनतम भूमिकाले प्रकाश पारेकै छन्। यस्तै शोध र पत्रपत्रिकामा उनका कृतिका विषयमा प्रकाशित छँदै छन्।

दायित्व पत्रिकाको प्रकाशनको सन्दर्भमा कवि माधव घिमिरे, सत्य मोहन जोशी, मदनमणि दीक्षित, श्यामदास वैष्णव, कमल दीक्षित, रोचक घिमिरे, नगेन्द्रराज शर्मा, कमल रिजाल प्रवृत्तिले नेपाली साहित्यको नेपाली साहित्यिक पत्रकारिताको पक्षमा महत्वपूर्ण कुराहरू उल्लेख गरेका छन्। कवि घिमिरेले भनेझैँ उत्तरदायित्वपूर्ण सङ्ग्रह र सम्पादन, कथ्य सन्तुलन र शुद्ध भाषाको मानक बनेको छ दायित्व। सत्यमोहनको कथनमा दुर्भाग्यपूर्ण हुने पत्रिकाहरूको असमयमा बन्द हुने स्थिति नरहोस् भन्ने वसन्त सरको कथन छ। श्यामदासको कथनमा गुणस्तरीयता सबभन्दा महत्वपूर्ण कथन हो। कदिको कथन छ दायित्व चलिरहोस्, बलिरहोस्, साबिक रोग नलागोस्।

२०७३ सम्मका २४ वटा विशेषाङ्कहरूले एउटा महत्वपूर्ण फड्को मारेको पक्ष यहाँ त्यसै त्यसै गौरवपूर्ण पक्ष छ।

+++

साहित्यिक यात्राका सम्बन्धमा जनमतले २०६५ मा, ज्ञानगुनले २०६६ मा, साहित्यिक यात्राका पदचाप २०७० मा, गुल्मीका सुवास रामप्रसाद पन्तले २०७० मा, साहित्य मल्लिकाले २०७१ मा धेरै बोलिसकेकाले त्यसतर्फ पनि म जान्नँ। उनको साहित्यिक व्यक्तित्वको बारेमा, उनका कृतिको वैशिष्ट्यका बारेमा त्रिविविले एक दर्जन बढी शोध गराइसकेको छ। शोध भइसकेकाले त्यसमा म प्रवेश गर्न चाहन्नँ। त्यो आफ्नै ठाउँमा छ। मलाई चाहिँ प्रस्तुत कृतिमा सामान्य फन्को लगाउनु छ –

(क्रमशः)

# गृहयुद्धबाट तङ्ग्रिँदै विकासपथमा रुवान्डा



विष्णु भट्टराई

अप्रिल ६, रुवान्डाको मात्र नभई मानव सभ्यताकै कलंक दिन हो। २७ वर्षअघिको रुवान्डाको जातीय नरसंहारका सय दिनमा १० लाख मानिसको हत्या भएको थियो। लाखौँ महिला बलात्कृत भएका थिए। हजारौँ मानिस साहाराविहीन र बेघर भएका थिए। कैयौँले अर्काको देशमा शरणार्थी जीवन बिताउन बाध्य हुनुपरेको थियो। त्यसैको स्मृतिमा रुवान्डावासी फेरि रोए। जातिवादले निम्त्याएको यो डरलाग्दो परिणाम सम्झेर विश्व समुदाय पनि फेरि एकपटक सोचमग्न हुन पुग्यो।

तत्कालीन रुवान्डाका राष्ट्रपति जुवेन हेविअरिमाना र बुरुन्डीका राष्ट्रपति सिप्रोननातायामिरा चढेको जहाजलाई राजधानी किगाली ओर्लन लाग्दै गर्दा धमकेदार बमले उडाइयो। घटना कसले घटायो भनेर अड्कलबाजी भइरहँदा सरकारी रेडियोले प्रपोगान्डा समाचार प्रचारण गर्‍यो, 'घटना तुत्सी आतंकवादीले घटाएको आशंका छ।'

मान्छेभित्रको रगत उम्लिन कतिबेर लाग्दो रहेछ र! ८५ प्रतिशत बहुल हुतु समुदाय उत्तेजित भइहाल्यो। दुवै राष्ट्रपति पनि हुतु समुदायकै थिए। त्यसैले उनीहरूलाई कुनै शंका रहेन कि राष्ट्रपतिको हत्यामा तुत्सी अतिवादीबाहेक अरू कसैको हात हुन सक्छ।

त्यसवेला अल्पसंख्यक रूपमा रहेको तुत्सी समुदायको तर्फबाट रुवान्डा प्याट्रियोटिक फ्रन्ट (आरपिएफ) ले लामो समयदेखि अतिवादी संगठन चलाइरहेको थियो। देशबाहिर रहेको यो पार्टीले वेलावेला आतंक सिर्जना गर्थ्यो। तर, उक्त पार्टीले राष्ट्रपति हत्याको जिम्मेवारी कहिल्यै लिएन। र, आजसम्म पनि लिएको छैन।

बरु उनीहरूले उक्त घटनामा हुतु अतिवाद समुदायकै हात रहेको आरोप लगाए। किनकि उक्त घटनाको एक वर्षअघि हुतु अतिवादका केही नेताले राष्ट्रपति हेविअरिमानालगायत ठूला नेतालाई 'देशको अपराधी घोषणा' गरेका थिए। हेविअरिमानाले दुई दशकदेखि राष्ट्रप्रमुखको जिम्मेवारी सम्हाल्दै आएका थिए। त्यसअवधिमा हुतुका केही नेताबीच उनीप्रति तीव्र असन्तुष्टि थियो। त्यसैले हुतु अतिवादको एक समूहले 'देशका ती खतरनाक अपराधीलाई एक-एक गर्दै सफाया गर्ने' सूची नै सार्वजनिक गरेको थियो। तर, घटना कसले गरायो ? आजसम्मै रहस्यमा छ।

घटना जसले गराएको भए पनि यसबाट फाइदा भने हुतु अतिवादीले लिन चाहे। उनीहरूले तुत्सी समुदायमाथि राष्ट्रपति हत्याको ठाडो आरोप लगाए। र, हुतु समुदायलाई उत्तेजित बनाउने काम गरे। हुतु समुदायका नेताहरू यस्तै मौकाको पर्खाइमा थिए। किनकि तुत्सी अतिवादीले त्यहाँको सरकारको निँदहराम गरिरहेको थियो। यही मौकामा जनताको साहनुभूति लिएर तुत्सीलाई नामेट गर्न सके, चैनको सास फेर्न सकिने हुतुका





नेतालाई लागेको थियो।

त्यसैले उनीहरूले जनतालाई भड्काउने काम गरे। सरकारले नै रेडियो, टेलिभिजनका माध्यबाट तुत्सी समुदायविरुद्ध विष वमन गर्न थाल्यो। सरकारले सेना, प्रहरी, कर्मचारी र सर्वसाधारणलाई आह्वान नै गर्‍यो, 'मुलुक अत्यन्त संकटमा छ, सबैले एकजुट हुनुपर्ने वेला आएको छ।'

सरकारले राष्ट्रिय एकता, अखण्डताका लागि हुतु समुदाय एक हुन आह्वान गर्‍यो। र, जसको हातमा जे हतियार छ, त्यही प्रयोग गरी तुत्सीको सफाया गर्ने अनुमति दियो। भिडलाई के चाहिएको हुन्छ र! फगत एक झिल्को भए पुग्छ। त्यही झिल्कोले सर्वनाश गरिदिन्छ।

त्यसपछि जे नहुनु थियो, त्यही भयो। हुतु समुदायको सत्ताधारी पार्टी नेसनल रिपब्लिक मुभमेन्ट फर डेमोक्रेसी एन्ड डेभलपमेन्ट (एनआरएमडी)को एक 'इन्तेराहाम्बे' भन्ने युवा संगठन पनि थियो, जसका कार्यकर्ता जोसिला र अन्धभक्त थिए। उनीहरू तुत्सीको नरसंहार गर्ने अभियानमा लागे। र, आफ्नो समुदायमा 'एकअर्काका लागि काम गर्ने (वर्क फर टुगेदर)' को नारा नै चलाए।

संगठनका युवा तथा स्थानीयले तुत्सीलाई खोजी-खोजी मार्न थाले। तुत्सी परिवारको कुनै एक व्यक्तिको हत्या गरेर मात्र हुँदैनथ्यो। सम्पूर्ण सदस्यको सफाया गर्ने आदेश थियो। त्यस क्रममा नवजात शिशु पनि बाँकी रहेनन्। वृद्धवृद्धा पनि बच्न पाएनन्।

महिलाको झन् दयनीय अवस्था थियो। समूहिक बलात्कार त सामान्य कुरा थियो। हजारौँलाई यौनदासी बनाइयो। बलात्कारपछिको हत्या निर्ममताको पराकाष्ठा थियो। पहिला स्तन काट्थे। त्यसपछि यातना दिएर हत्या गर्थे।

आफ्नै परिवारका तुत्सी समुदायको कोही रहेछ भने पनि नछाड्ने निर्देशन थियो। उनीहरूप्रति कसैले सहानुभूति देखाए, त्यसको पनि हत्या हुन्थ्यो। त्यसैले आफूले प्रेम गरेकी तुत्सी श्रीमतीको पनि हुतु श्रीमान्ले हत्या गर्नुपर्‍यो।

एकै क्षेत्रका आदिवासी जनजाति भएकाले हुतु र तुत्सीको भाषादेखि रीतिरिवाज मिल्दोजुल्दो थियो। एकै रहनसहन थियो। केही गाउँमा हुतु र तुत्सी अत्यन्त मिलेर बसेका थिए। उनीहरूमा बिहेबारी चल्नु नौलो थिएन। तर, कालान्तरमा सोचाइमा फरक आयो। छिमेकीले छिमेकीको हत्या गर्नुपर्ने दिन आइदियो। ससुरा स्वयंले तुत्सी बुहारीको हत्या गर्नुपर्‍यो। हुतु समुदायबाट भित्रिएकी बुहारी आफैँले पति, सासू, ससुरासमेतको हत्या गर्न बाध्य हुनुर्पयो।

हुतु अतिवादीले आफ्नै रेडियो स्टेसन, समाचार-पत्र र टेलिभिजन सञ्चालन गरेका थिए। उनीहरूको काम नै गोयबल्स शैलीमा प्रपोगान्डा मच्चाउनु थियो। तुत्सीका बारेमा यसो भनिन्थ्यो, 'साङ्लालाई मुक्ति देऊ' (तुत्सीको हत्या गर)। तुत्सी समुदायको जो अलि ठूलो व्यक्ति मारिन्थ्यो, समाचार संस्थाहरू हर्षबढाइँ गर्थे र बढाइ-चढाइ गरेर समाचार सम्प्रेषण गर्थे। यसले हुतुलाई अझ उत्तेजित बनाउँथ्यो।

हुतु युवाले त्यतिवेला तुत्सी पुजारीलाई समेत छाडेनन्। चर्चमा आश्रय लिएर बसेका तुत्सीमाथि पनि आक्रमण गरे। सडक कब्जा गरिएको थियो। विभिन्न नाकाबाट बाहिरिने स्थानमा हुतु अतिवादी युवा पहरेदार थिए। त्यहाँ परिचयपत्र हेरी तुत्सीको हत्या गर्थे।

अल्पसंख्यक तुत्सी समुदायका लागि आश्रय लिने कतै ठाउँ थिएन। उनीहरू खुला बाटो, चौरबाट भाग्न खोज्थे। तर हुतुका कोही न कोहीले भेटिहाल्थ्यो। जहाँ भेट्यो, त्यहीँ खुकुरी, लाठी, भाला, खुँडा प्रहार गरी हत्या गरिन्थ्यो। दौडँदै गरेको मानिसलाई पछाडिबाट ढुंगा हानेरसमेत हत्या गरियो।

त्यतिवेला तुत्सी समुदायको पहिचान गर्न हुतुलाई कुनै समस्या थिएन। बेल्जियमको उपनिवेश रहेका वेला तुत्सी समुदाय सत्तामा थिए। राज्यको सुविधा उपयोग गर्न सरकारले परिचयपत्र वितरण गरेको थियो। त्यही परिचयपत्र नै यतिवेला अभिशाप बनेको थियो।

स्थिति यति दर्दनाक थियो कि रुवान्डाको सडक, चोक, गल्ली, चौर, जताततै लासैलासको डंगुर थियो। अन्तिम संस्कार गर्ने सदासयतासमेत कसैले देखाइरहेका थिएनन्। केही ठाउँमा सामूहिक रूपमा खाल्डो खनी पुरिए। तर, कुकुर, ब्वाँसाले खाल्डो खोस्रेर शवलाई बाहिर निकालिदिन्थे। शवको दुर्गन्धले बाटोघाटो हिँड्न नसकिने अवस्था थियो। महामारी फैलिरहेको थियो, तर पनि कसैले चासो देखाइरहेको थिएन।

यस्तो घटना करिब सय दिनसम्म निरन्तर चलिरह्यो। विभिन्न तथ्यांकअनुसार करिब १० लाखको हत्या भएको थियो। त्यसमध्ये ७० प्रतिशतभन्दा बढी तुत्सी समुदायका थिए। दुई लाखभन्दा बढी महिलाको सामूहिक बलात्कार भयो। धरैजसो निर्मम यातना दिएर मारिए। २० लाखभन्दा बढी विस्थापित हुन पुगे। उनीहरू छिमेकी मुलुक युगान्डा, जायर



र कायरोमा शरण लिन बाध्य भए।

घटनाको लामो पृष्ठभूमि हुन्छ। रुवान्डा नरसंहारलाई पनि तत्कालीन घटनाक्रमको अध्ययनले मात्र बुझ्न सकिँदैन। यसको पृष्ठभूमि लामो थियो। सन् १९१८ सम्म रुवान्डाको स्थिति सामान्य थियो। देश गरिब थियो तर हिंसा थिएन। तुत्सी समुदायको राजसंस्था थियो। अल्पसंख्यक तुत्सीले बहुसंख्यक हुतुलाई शासन गर्दा निश्चय नै असन्तुष्टि हुन्छ। तर, त्यसवेलाको राजसंस्थाले युरोपको सहयोगमा शासन सत्ता चलाइरहेको थियो। पहिले यो देशमा जर्मनीको नियन्त्रण थियो। जर्मनीको पतनपछि बेल्जियमको नियन्त्रणमा रह्यो।

राजसंस्थाले तुत्सीलाई राज्यका स्रोत, साधन र सेवामा पहुँच दिन परिचयपत्र वितरण गरेको थियो। त्यसवेला रुवान्डामा तुत्सी, हुतु र तोवा गरी तीन समूहमा जातीयकरण गरिएको थियो। सबैभन्दा धेरै हुतु थिए। कुल जनसंख्याको ८५ प्रतिशत ओगट्ने यो समुदायलाई भूमिपुत्रसमेत भनिन्थ्यो। तुत्सी समुदाय १५ प्रतिशतको हाराहारीमा थिए। उनीहरूको मुख्य पेसा सरकारी कामकाज थियो। साथै उनीहरू पशुपालन गरेर जीविकोपार्जन गर्थे। उनीहरूलाई राज्यले उच्च जाति मानेको थियो। तोवा समुदायको जनसंख्या नगण्य थियो। तर समयले राजसंस्थालाई सधैँ साथ दिएन। हुतु समुदायको आवाजलाई अमेरिकाले स्थान दिन थाल्यो। युरोपले पनि राजसंस्थाको साथ छाड्यो। त्यसैको परिणामस्वरूप हुतुले सन् १९६२ मा राजसंस्था ढाले र सत्तामा पुगे। तुत्सी समुदायको विचल्ली भयो। ठूला नेता-कार्यकर्ता, कर्मचारी देश छाड्न बाध्य पारिए। निम्नवर्गकाहरू पिल्सिएर बस्न विवश भए।

तुत्सी समुदायका नेता चुप बसेनन्। उनीहरूले देशबाहिरबाट पनि संघर्ष चलाइरहे। सन् १९८० को दशक भने तुत्सीका आक्रमण थेगिनसक्नु भइसकेको थियो। हुतु शासक त्यसलाई निर्ममतापूर्वक दबाउन चाहन्थ्यो। सन् १९९० देखि १९९३ सम्म तुत्सीले निर्णायक आक्रमण गर्‍यो। यसले हुतुलाई गलाउन सफल भयो। दुवै संगठनमाथि अन्तर्राष्ट्रिय दबाब पनि थियो। सन् १९९३ मा दुवै पक्षले युद्ध विराम गर्दै माग सम्बोधन गर्न राजी भए। तर, राष्ट्रपतिको हत्यापछि त्यो शान्ति-सम्झौता भंग भई त्यसले जातीय नरसंहारको रूप लिएको थियो।

रुवान्डा घटनामा अन्तर्राष्ट्रिय समुदायको मौनता उदेकलाग्दो देखिन्छ। त्यहाँ पहिल्यैदेखि राष्ट्रसंघको शान्तिसेना थियो। तर, तिनीहरूलाई हतियार उठाउने निर्देशन थिएन। शान्तिसेनाले हतियार उठाउनुको त के कुरा, सेनाकै अगाडि स्थानीयले अर्को जातिको निर्मम हत्या भइरहेको हुन्थ्यो। उनीहरूले रोक्ने प्रयाससम्म गरेनन्। सडकमा फ्रान्स, बेल्जियम र राष्ट्रसंघलगायत सेनाको बख्तरबन्द गाडी दगुर्थे। त्यही छेउबाट घरेलु हतियारधारी समूह पनि हिँडिरहेको हुन्थ्यो। सेनाका जवान मुस्कुराएर हात हल्लाउँदै अघि बढ्थे।

त्यसवेला रुवान्डमा राष्ट्रसंघका २ हजार ५ सय शान्तिसेना कार्यरत थिए। त्यसका कमान्डर रोमियो डलायरले हिंसा रोक्ने निर्देशनका लागि राष्ट्रसंघसँग अनुमति मागेका थिए। त्यसवेला राष्ट्रसंघको शान्ति स्थापना विभागका इन्चार्ज कोफी अन्नान थिए, जो पछि महासचिवसमेत भए, उनले कुनै आदेश दिएनन्। पछि उनले खेद व्यक्त गर्दै भनेका छन्, 'हामी सबैलाई नमिठो खेद छ कि रुवान्डा नरसंहार रोक्न हामी केही गर्न सक्थ्यौँ, तर केही गरेनौं।'

त्यसवेला अमेरिकामा राष्ट्रपति बिल क्लिन्टन थिए। उनले पनि धेरै पछि रुवान्डा भ्रमणमा भनेका थिए, 'मलाई लाग्दैन थियो कि हामी हिंसा रोक्न सक्थ्यौं, तर निश्चित रूपमा क्षति कम गर्ने पहलचाहिँ गर्न सक्थ्यौँ। मलाई यसैमा खेद छ।'

तुत्सीको पार्टी आरपिएफ युगान्डामा बसेर आफ्नो गतिविधि गरिरहेको थियो। उक्त पार्टीलाई युगान्डा सरकारको ठूलो सहयोग थियो। जब रुवान्डा सरकार र हुतु समुदाय तुत्सीको सफायामा तल्लीन थिए, आरपिएफले आफ्ना लडाकुको ठूलो समूह रुवान्डा भित्र्यायो। बिस्तारै यसले रुवान्डाको ठूलो भूभागमाथि कब्जा जमायो। नरसंहार चलेको सय दिन नपुग्दै सन् १९९४ जुलाई ४ मा राजधानी किगाली नियन्त्रणमा लियो र तुत्सीका लडाकुले राजधानीमा मार्च गरे।

त्यसपछि हुतुका लडाकु, सरकारका वरिष्ठ अधिकारी र सेना प्रहरीका अधिकारी भाग्न बाध्य भए। तुत्सीले नरसंहारको बदला लिन्छन् भन्ने उनीहरूमा डर थियो। करिब २० लाख हुतु जो नरसंहारमा संलग्न थिए, सीमापारको जायर (हालको डेमोक्रेटिक रिपब्लिक अफ कंगो) मा शरण लिन पुगे। केही छिमेकी मुलुक तन्जिनिया, बुरुन्डीमा शरण लिन पुगे।

युगान्डा, तान्जिनिया, कंगो र बुरुन्डीले चारै दिशाबाट घेरेको यो सानो मुलुक भूपरिवेष्टित राष्ट्र हो। २६ हजार ३ सय वर्गकिलोमिटर क्षेत्रफलमा रहेको यो देशमा १ करोड २० लाख जनसंख्या छ। सानो मुलुक भए पनि लामो समय जातीय द्वन्द्व र गृहयुद्धमा फसेकाले कुनै वेला यहाँ व्यापक भोकमरी थियो। अधिकांश सर्वसाधारण कुपोषण ग्रस्त थिए। शिक्षा स्वास्थ्यको राम्रो व्यवस्था थिएन।

तर, हुतु समुदायबाट तुत्सीले सत्ता लिएयता त्यहाँ २७ वर्षदेखि कागामे नै राष्ट्रपतिका रूपमा चुनिँदै आएका छन्। कागामे नरसंहारताका तुत्सीको आरपिएफ पार्टीका शीर्ष नेता थिए।

नरसंहारपछि जातीय सद्भाव कायम गर्ने चुनौती थियो। त्यसमा कागामे सफल रहेको विश्लेषण गरिएको छ। यतिवेला त्यहाँ जातिवादको विषयमा चर्चा गर्न प्रतिबन्ध छ।


त्यहाँ स्थिर सरकार छ। आर्थिक गतिविधिमा फड्को मारिरहेको विभिन्न सञ्चारमाध्यमले जनाएका छन्। कागामेले रुवान्डालाई आर्थिक हबका रूपमा विकास गरिरहेका छन्। यतिवेला रुवान्डाको आर्थिक वृद्धि ८ प्रतिशतको हाराहारी छ। प्रतिव्यक्ति आय करिब २ हजार अमेरिकी डलर छ।

कागामे रुवान्डामा निकै लोकप्रिय छन्। उनले तेस्रोपटक सन् २०१७ मा राष्ट्रपतिको चुनाव लड्दा ९८ दशमलव ६३ प्रतिशत मत हासिल गरेका थिए। उनलाई स्थानीय सञ्चारमाध्यमले सिंगापुरका ली क्यू वानका रूपमा चित्रण गर्ने गरेका छन्। तर उनीमाथि विपक्षीलाई देखिनसहने आरोप पनि छ। उनले आफूविरुद्ध आवाज उठाउनेलाई मुलुकभित्र होस् वा बाहिर, जहाँ भए पनि सफाया गरिदिने आरोप खेप्ने गरेका छन्। उनले पनि गत शनिबार २७ वर्षअघिको नरसंहार सम्झिए। '२७ वर्षअघि पनि हामी यहीँ थियौँ तर हाम्रासामु अँध्यारोसिवाय केही थिएन,' नरसंहारको २७ वर्ष पुगेको दिन त्यही वेलादेखि हालसम्म राष्ट्रपति रहेका पल कगामे शनिबार राजधानी किगालीमा आयोजित स्मृतिसभामा भनिरहेका थिए, '२७ वर्षपछि पनि हामी यहीँ छौँ, तर अहिले हाम्रा सामुअँध्यारो होइन, सुन्दर उज्यालो छ। हामी भित्रैदेखि घाइते भएका थियौँ, तर टुक्रिएका थिएनौं। त्यसैले यतिवेला समग्र रुवान्डा एकै परिवार भएका छौँ।'

नरसंहारका क्रममा लाखौं महिला बलात्कृत भए। कतिपय बलात्कारपछि मारिए, कतिपय कसो-कसो गरी बाँच्न सफल भए। जो बाँच्न सफल भए, केही त गर्भवती भए। सन्तानलाई जन्म दिए। तर, उनीहरूमा सन्तानप्रति कुनै माया भएन। किनकि उनीहरूलाई लाग्थ्यो कि 'ती सन्तान त्यस्तो व्यक्तिका थिए, जसले आफ्नै आँखाअगाडि आफ्ना पति, बाबु, आमा वा अन्य सन्तानको हत्या गरेको थियो।' अर्थात् ती सन्तान भयंकर अपराधीका नासो थिए। पुत्लिन्जर सेन्टरमा द्वन्द्वसम्बन्धी रिपोर्टिङ र फोटोग्राफी गर्दै आएकी जोनाथान तोगोनिकले न्युयोर्क टाइम्समा लेखेकी छिन्, 'ती आमाले वर्षौंसम्म सन्तानलाई हेर्नसम्म चाहेनन्।' उनले केहीअघि घटनाबाट पीडित महिला र तीबाट जन्मेका सन्तानलाई भेटेर फोटो फिचर लेखेकी थिइन्। त्यतिवेला बलात्कृत भएका महिलाबाट जन्मेका बच्चा यतिवेला २७ वर्ष पुगिसकेका छन्।

*(एजेन्सीको सहयोगमा)*

## शरीर छेडेर विश्व किर्तिमान



काठमाडौं। संसारमा धेरै मानिसहरू आफ्नो अनौठो शोखका कारण चर्चित बनेका छन्। त्यसमध्येकी एक महिलाले आफ्नो शरीरलाई ११ हजार पटक प्वाल पारेर विश्व किर्तिमान कायम गरेकी छिन्। स्कटल्याण्डको एडिनबर्गमा बस्ने ६५ वर्षकी इलेन डेभिडसनलाई झ्वाट्ट देख्दा जो कोही पनि डराउन सक्छ। उनले आफ्नो शरीरलाई ११ हजार ३ सय पटक छेडाएकी छिन्। इलेनले पहिलोपटक सन् १९९७ मा शरीरमा पियरसिङ अर्थात् छेडेकी थिइन्। सन् २०१९ मा उनको शरीरमा छेदको संख्या ११ हजार नाघेको थियो। त्यसपछि उनले निरन्तर शरीर छेड्दै आएकी छिन्।

एनले २५ वर्षको उमेरमा आफ्नो शरीरमा यतिधेरै छेद बनाइन् कि उनले विश्व रेकर्ड नै कायम गरिन्। सन् २०१९ मा ११ हजार ३ वटा छेद शरीरमा बनाएर उनले गिनिज बुकमा आफ्नो नाम दर्ज गराएकी थिइन्। उनको अनुहार र शरीर निकै भयानक देखिन्छ। तर उनी आफ्नो लुक्सदेखि निकै खुसी छिन्। उनी अरुभन्दा आफूलाई अलग देखाउन मन पराउँछिन्। इलेनले आफ्नो शरीरमा छेद पार्नका लागि कुनै पनि ठाउँ खाली छाडेकी छैनन्। टाउकोदेखि गालासम्म अनि बक्षस्थल र नितम्बदेखि गुप्ताङ्ग सम्म कुनैपनि ठाउँ सग्लो छैन, सबैमा छेद पारिएको थियो। उनले हजारौं छेदसँगै शरीरभर टाटु पनि बनाएकी छिन्। शरीरमा छेद पारेर कीर्तिमान राख्नु अगाडि इलेन नर्सको पेशामा आबद्ध थिइन्।

## चन्द्रमा पुग्ने जापानको बुलेट ट्रेन


काठमाडौं। जापानले एक निकै महत्वपूर्ण तथा ठूलो योजनामा काम गरिरहेको छ। जापानले पृथ्वीबाट एक बुलेट रेल चलाउनेछ जसले मानिसहरूलाई चन्द्रमासम्म पूराउनेछ।

यो रेल पहिले चन्द्रमासम्म पुग्नेछ। यसमा सफलता हासिल गरेपश्चात् उक्त रेललाई मंगल ग्रहसम्मै पूराइनेछ। यसका अलावा मंगल ग्रहमा सिसाको आवास बनाउने योजना पनि जापानको रहेको छ। अर्थात् मानिसहरू एक कृत्रिम अन्तरीक्ष आवासमा रहनेछन् जसको वातावरण पृथ्वीजस्तै तयार गरिनेछ।

कृत्रिम अन्तरीक्ष आवास (आर्टिफिसियल स्पेस ह्याबिटाट) मा गुरुत्वाकर्षण बल तथा वायुमण्डलको संरचनामा विशेष ध्यान दिइनेछ ता कि त्यसले मानिसको मांसपेशी तथा हड्डी कमजोर नहोउन्। आम रुपमा कम गुरुत्वाकर्षणयुक्त क्षेत्रमा बस्दा मानिसको सरीरका मांसपेशी तथा हड्डीहरू कमजोर हुने गर्दछन्।

विश्वमा एकातर्फ अमेरिका पुनः चन्द्रमामा जाने योजनामा छ भने चीनले मंगल ग्रहमा खोज गरिरहेको छ। रुस र चीन मिलेर चन्द्रमाका लागि संयुक्त मिसनको योजना बनाइरहेका छन्। उता जापान तथा बुलेट ट्रेन र कृत्रिम अन्तरीक्ष आवासको योजना बनाएको हो। यसमा मानिसहरू छिटै नै कुनै अन्य ग्रहमा बस्न सहज हुनेछ।

उक्त कोलोनी चन्द्रमा तथा मंगल ग्रहमा बनाइनेछ। उक्त कोलोनीका सिसाघरभित्र सहजै बस्न सकिनेछ तर बाहिर निस्किँदा स्पेस शुट लगाउनु पर्नेछ। त्यहाँ अन्य दैनिक जिवनका क्रियाकलाप




सहजै हुने अपेक्षा गरिए तापनि बच्चा जन्माउने जस्ता कार्यहरू कत्तिको असहज हुन्छन् भन्ने पत्ता लगाउनु हालका लागि सम्भव छैन। एक्काइसौं सताब्दीको उत्तरार्धसम्ममा चन्द्रमा र मंगल ग्रहमा वस्ती बसाल्न सम्भव हुने वैज्ञानिकहरूको विश्वास छ।

जापानको क्योटो विश्वविद्यालय तथा काजिमा कन्स्ट्रक्सनले संयुक्त रुपमा चन्द्रमा र मंगलसम्म बुलेट रेल चलाउने र सिसाको आवास बनाउने योजना तयार पारेका हुन्। ग्लास सोलीजस्तो एक आवास स्थान हुनेछ जसमा कृत्रिम गुरुत्वाकर्षण बल हुनेछ। उक्त वस्तीमा सार्वजनिक यातायातको सुविधा हुनेछ।

रुख विरुवाले हरियाली हुने त्यस ठाउँभित्र नदी लगायतका जलश्रोत तथा पार्क लगायतका मानिसलाई आवश्यक सबै चिज हुनेछन्। उक्त भवन करीब १३ सय फिट लामो हुनेछ। सन् २०५० सम्ममा त्यसको नमुना अर्थात् प्रोटोटाइप तयारी हुने वैज्ञानिकको भनाई छ। त्यसको अन्तिम रुप भने यो सताब्दीको अन्त्यसम्ममा आउन सक्नेछ। चन्द्रमामा बन्ने सिसाको कोलोनीको नाम लूना ग्लास हुनेछ र मंगलमा हुने यस्तो कोलोनीको नाम मार्स ग्लास हुनेछ।

क्योटो विश्वविद्यालय र काजिमा कन्स्ट्रक्सनले स्पेस एक्सप्रेस नामक बुलेट ट्रेन पनि बनाइरहेका छन्। उक्त रेल पृथ्वीबाट चन्द्रमा तथा मंगल ग्रहका लागि छुट्नेछ। यो एक अन्तर ग्रह परिवहन प्रणालीको रुपमा रहनेछ। उक्त बुलेट ट्रेनको नाम हेक्जाट्र्याक राखिएको छ। यो रेलले लामो दूरीको अन्तरीक्ष यात्रामा समेत १जी गुरुत्वाकर्षणको क्षमता कायम राख्न सक्नेछ। ताकि लामो समयसम्म शून्य गुरुत्वाकर्षणको असर त्यसभित्र रहेका यात्रुहरूले भोग्नुपर्ने छैन।


हेक्साट्र्याक मा हेक्जा क्याप्सुल पनि हुनेछ। सो क्याप्सुल षटकोण आकारको हुनेछ। यो १५ मिटर लामो मिनी क्याप्सुल हुनेछ। साथै त्यसमा ३० मिटर लामो ठूलो क्याप्सुल पनि हुनेछ जसले चन्द्रमा र मंगलको यात्रा गराउनेछ। यो रेल पृथ्वीबाट चन्द्रमा हुँदै मंगलसम्म पुग्नेछ। यो क्याप्सुल विद्युत चुम्बकीय प्रविधिमा चल्नेछ। जस्तो जर्मनी तथा चीनमा मेगलेभ रेल चल्दछ।

पृथ्वीमा निर्माण हुने ट्र्याक स्टेशनको नाम टेरा स्टेशन हुनेछ। यो रेल स्टाण्डर्ड गेजको ट्र्याकमा चल्नेछ जसमा ६ वटा डिब्बा हुनेछन्। पहिलो र अन्तिम डिब्बामा रकेट बुस्टर जडान हुनेछ। यसले रेललाई अगाडि र पछाडि लैजाने र अन्तरीक्षमा गति घटबढ गराउन सकिन्छ। साथै पृथ्वी र चन्द्रमा तथा मंगलको गुरुत्वाकर्षणको हिसाबले यसले का मगर्नेछ।

*एजेन्सीको सहयोगमा*

प्रेरक

## दुःख भगाउने मन्त्र



एकपटक स्वामी रामतीर्थ अमेरिकाको सनफ्रान्सिस्कोमा थिए। उनको नाम वरपर निकै फैलिइसकेको थियो। एक दिन एनी नामकी एक महिला उनको निवासमा आइन् र रुँदै भनिन्- स्वामीजी, प्राणघातक रोगका कारण मेरो एक मात्र छोराको ज्यान गयो। हजुर सिद्धपुरुष हुनुहुन्छ। मेरो छोरालाई पुनर्जीवन दिनुहोस्, प्रभु !

स्वामीजीले भने- माता, धैर्य गर्नुस्, म तपाईंको छोरालाई फिर्ता ल्याइदिन्छु। र, जीवनमा दुःख भगाएर सुख प्राप्त गर्ने मूल मन्त्र पनि दिनेछु। तर, त्यसका लागि तपाईंले केही मूल्य चुकाउनुपर्नेछ। एनीले भनिन्- मसँग धनसम्पत्तिको कमी छैन। हजुरले जति भन्नुहुन्छ, म त्यति मूल्य तिर्न तयार छु। स्वामीले भने- रामको परमानन्द साम्राज्यमा धनसम्पत्तिको कुनै कमी छैन। राम योभन्दा पनि ठूलो मूल्य चाहन्छन्।

एनीले हात जोडेर भनिन्- स्वामीजी, म जस्तोसुकै मूल्य चुकाएर पनि त्यो आनन्द हासिल गर्न चाहन्छु। स्वामीले 'रामको साम्राज्यमा आनन्दको कमी कहाँ छ ?' भन्दै ती महिलालाई एक गरिब बस्तीमा लिएर गए। त्यहाँको अनाथ अश्वेत बालकको हात ती महिलाको हातमा दिँदै भने- ल लिनुहोस् माता, तपाईंको छोरा। यसलाई आफ्नो काखमा लिएर ममता खन्याउनुहोस्। यसैलाई छोरा ठानेर आफ्नो प्रेम दिनुहोस्।

तपाईंले यसलाई जति माया-ममता दिनुहुनेछ, तपाईंको आनन्द उति नै बढ्दै जानेछ। स्वामीजीका शब्दमा विश्वका समस्त उपेक्षित, मातृहीन र भोकानांगाप्रति अपार स्नेह प्रकट भइरहेको थियो। अर्काको दुःख अपनाएर त्यसैबाट सुखानुभूत गर्ने उनको महान् भावना बुझेर ती महिला दंग परिन्। धुलोमैलो अश्वेत बालकलाई आफ्नो छातीमा टाँसेर स्वामीजीलाई धन्यवाद दिँदै खुसीसाथ ती महिला बिदा भइन्।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन्। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला। काममा मिहिनेतको फल प्राप्त हुनेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। रचनात्मक काममा जुट्ने समय छ। पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ। व्यापारमा पनि मनग्य धनलाभ हुनेछ। सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ।

### वृष

अरूको मुख ताक्ने बानीले पनि काम अधुरो रहनेछ। आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय भएकाले बोली-व्यवहारमा सजग रहनुपर्ला। अवसर प्राप्त भए पनि समयको महत्त्व नबुझ्नाले पछि परिनेछ। अध्ययनमा धेरै समय दिन नसकिएला। व्यवहारमा शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला। सोखले खर्च बढाउने हुँदा अर्थ अभाव समेत देखापर्न सक्छ।

### मिथुन

नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ।

### कर्कट

समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ। समय दिन नसक्दा बन्न लागेको कामसमेत बिग्रन सक्छ। व्यवसायमा लगानी बढाउनुपर्ला। तत्काल फाइदा लिँदा भविष्यमा नोक्सान हुने देखिन्छ। आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ। अवसरका लागि निकै दौडधुप गर्नुपर्ला। यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ। आर्थिक स्थिति सुधार गर्न निकै परिश्रम गर्नुपर्ने देखिन्छ।

### सिंह

नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। केही रकम समाजसेवा तथा पुण्यकर्ममा खर्च हुनेछ।

### कन्या

प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुने सम्भावना छ। व्यापारमा पनि राम्रै फाइदा हुनेछ। विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ।

### तुला

नयाँ काम थाल्न केही समय प्रतीक्षा गर्नुहोला। परिस्थितिवश चिताएको काम पूरा नहुन सक्छ। सहयोगको नाममा आफ्ना कमजोरीको फाइदा उठाउनेहरू प्रशस्त हुनेछन्। अस्वस्थताका बाबजुद कामको जिम्मेवारी बढ्नेछ। श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य कम मात्र पाइएला। आफ्नो क्षेत्रमा अरूले हस्तक्षेप गर्न सक्छन्। अरूका लागि बुद्धि खर्चनुपर्नेछ।

### वृश्चिक

स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। समस्याप्रति गम्भीर नहुँदा दुःख पाइनेछ। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ। सामान्य काममा धेरै धन र परिश्रम खर्चनुपर्ला। गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ। आफ्नो वस्तुमा अरूले दाबी गर्लान्। बनिसकेको काम दोहोर्याउनुपर्ने हुन सक्छ। निकै परिश्रम गर्नुपर्ने योग छ।

### धनु

सानातिना व्यवधान आइरहनेछन्। स्वास्थ्य पनि अलि कमजोर रहनेछ। आलस्य गर्ने बानीले पहिलेकै काम दोहोर्याउनुपर्ला। सामान्य काममा अल्झनुपर्दा मुख्य काम रोकिन सक्छ। व्यवसायतर्फ हिसाबकिताबमा होसियार रहनुहोला। व्यवहारमा झमेला आइरहने भएकाले चिन्ता निकै बढ्नेछ।

### मकर

शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन्। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काममा विशेष फाइदा हुने समय छ। समय निकै बलवान छ। सोचेका कामहरु पूरा होलान्।

### कुम्भ

हल्लाको पछि लाग्दा दुःख पाइनेछ। नयाँ काम थाल्न केही समय प्रतीक्षा गर्नुहोला। अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। नयाँ काम प्रारम्भ गर्न केही समय प्रतीक्षा गर्नुहोला। अध्ययनमा समय दिन नसकिएला। परिस्थितिवश आँटेको काममा बाधा हुन सक्छ। प्रतीक्षित नतिजा उत्साहप्रद नहुन सक्छ। परिस्थितिअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ।

### मीन

नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताउन सक्छ। समयमा सजग नबन्दा शुभचिन्तकहरू समेत टाढिन सक्छन्। परिस्थिति सोचेजस्तो अनुकूल नहुन सक्छ। बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ। अप्ठ्यारो पर्दा साथ दिनेहरू कमै भेटिनेछन्। सानो भूल गर्दा मिहिनेतको फल अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ। विवाहका लागि धेरैतिरबाट कुराहरु आउनेछन्। सोच विचार गरेर निर्णय गर्दा राम्रो हुन्छ।

# समाचार

## अष्ट्रेलियामा आप्रवासी नेपाली बढ्दै

काठमाडौं। अष्ट्रेलियाले नेपाललाई कोलम्बो प्लान अन्तर्गत नेपाली विद्यार्थीलाई उच्च अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराउँदै आएको थियो। अष्ट्रेलियामा नेपाली विद्यार्थीलाई विभिन्न विधामा उच्च अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराएर त्यस बखतमा समेत नेपालको जनशक्ति विकासमा महत्वपूर्ण योगदान गरेको थियो। त्यसैगरी सन् १९४९ मा संयुक्त राष्ट्रसंघको सदस्यता लिने प्रक्रियामा सदस्य राष्ट्रको आवेदनलाई स्वीकार गरी नेपाललाई सदस्यता दिलाउन समेत अष्ट्रेलियाले सघाएको इतिहास छ।

विगत केही दशकदेखि अष्ट्रेलिया नेपाली विद्यार्थीको लागि उच्च अध्ययनको उत्कृष्ट गन्तव्य बन्दै गैरहेको छ। नेपालबाट उच्च अध्ययनको लागि अरबौं नेपाली रुपैयाँ अष्ट्रेलिया भित्रिरहेको छ। नेपालबाट तयारी चिया, कफी, छाला, लत्ताकपडा, कार्पेट, सुती कपडा, पेन्टिङ आदि अष्ट्रेलिया निर्यात हुने गरेको छ भने अष्ट्रेलियाबाट प्रशोधित पेट्रोलियम, दुग्ध उत्पादन, वेभरेज, स्पिरिट आदि आयात हुने गरेको छ। सन् २०१९ मा अष्ट्रेलियाबाट ३८ हजार ९७२ पर्यटक नेपाल भित्रिएका थिए। यो तथ्यांक कोभिड-१९ पछि भने उल्लेख्य रूपमा घटेको छ।

अष्ट्रेलियन सरकारले सन् २०१३ देखि असएडमार्फत नेपालको पूर्वाधार विकास, व्यापार, कृषि, मत्स्यपालन, खानेपानी, तीन तहको सरकारबीच समन्वय र सहकार्य, सुशासन, शिक्षा, स्वास्थ्य, सुरक्षित र भूकम्प प्रतिरोधक आवास र भवन निर्माण आदि जस्ता क्षेत्रहरूमा वार्षिक २०-२५ मिलियन अमेरिकी डलर खर्च गर्दै आइरहेको छ। कोलम्बो प्लानको सदस्य राष्ट्रको नाताले अष्ट्रेलियाले विभिन्न विधामा नेपाली विद्यार्थीलाई उच्च शिक्षाको लागि अष्ट्रेलियामा अध्ययन गर्ने अवसर प्रदान गर्न थालेको हो।

सन् १९८५ (वि.सं. २०४२) मा नेपाल सरकारले वैदेशिक रोजगार ऐन तर्जुमा गर्‍यो। उक्त ऐनले नेपालीहरूलाई वैधानिक रूपमै विदेशमा गएर काम गर्न अनुमति प्रदान गर्‍यो। दोस्रो जनआन्दोलन मार्फत वि.सं. २०४७ मा देश एकदलीय राजतन्त्रात्मक व्यवस्थाबाट बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा गएसँगै नेपालीहरू वैदेशिक रोजगारी र अध्ययनको लागि विधिवत् रूपमा विदेश जाने क्रम सुरु भयो। यसै क्रममा नेपालीहरू उच्च अध्ययनको लागि अष्ट्रेलिया समेत जान थाले।

संसारभरिका २०० भन्दा बढी देशहरूबाट आएका आप्रवासीहरूको सामाजिक र सांस्कृतिक विविधता, अष्ट्रेलियाको लोककल्याणकारी राज्य व्यवस्था, संसारमै उत्कृष्ट ठहरिएका विश्व विद्यालयहरू, विद्यार्थीको लागि अध्ययन सँगसँगै आंशिक कामको अवसर र अध्ययन पछि अष्ट्रेलियामै अस्थायी/स्थायी बसोबासको सुविधा आदि भएकोले नेपाली विद्यार्थीको लागि अष्ट्रेलिया उत्कृष्ट गन्तव्यको रूपमा विकास भैरहेको छ।

अष्ट्रेलिया विभिन्न देशबाट आएका आप्रवासीहरूको बेजोड सामाजिक र सांस्कृतिक विविधता भएको मुलुक हो। यो नै अष्ट्रेलियन समाजको सुन्दर पक्ष हो। अष्ट्रेलियन सिटीजनसिप स्टाटिस्टिक २०२१ का अनुसार सन् २०२०-२१ मा २०० भन्दा बढी देशबाट आएका १ लाख ४० हजार ७४८ आप्रवासीले अष्ट्रेलियाको नागरिकता प्राप्त गरेका थिए। अष्ट्रेलियन व्युरो अफ स्टाटिस्टिकले प्रत्येक ५-५ वर्षमा रार्षट्रिय जनगणना गर्ने गर्दछ। सन् २०२१ को अगष्ट १० मा सम्पन्न १८औं जनगणनाले विदेशमा जन्मिएका अष्ट्रेलियन नागरिकहरूको जनसांख्यिकीय अवस्था सम्बन्धी पहिलो चरणको नतिजा प्रकाशित गरेको छ। जस अनुसार अष्ट्रेलियाको २९.१ प्रतिशत नागरिकहरू (७५ लाख) अष्ट्रेलिया बाहिर जन्मिएका छन्।

यहाँ अष्ट्रेलिया बाहिर अन्य देशमा जन्मिएर अष्ट्रेलियन नागरिक भएका प्रमुख २० देशमा नेपाली आप्रवासीहरू १२औं स्थानमा आइपुगेका छन्। आप्रवासीहरू भएका प्रमुख २० देशहरूमा बेलायत, भारत, चीन, न्यूजिल्याण्ड, फिलिपिन्स, भियतनाम, दक्षिण अफ्रिका, मलेशिया, इटाली, श्रीलंका, स्कटल्याण्ड जस्ता देशहरू मात्र नेपाल भन्दा अघि छन् भने संयुक्त राज्य अमेरिका, जर्मनी, दक्षिण कोरिया, हंगकंग, ग्रीस, इराक, लेवनान र पाकिस्तान नेपाल भन्दा पछि छन्।

सन् २०२१ को जनगणना अनुसार अष्ट्रेलियन नागरिकता प्राप्त नेपाली आप्रवासीहरूको संख्या १ लाख २९ हजार ८७० छ जुन अष्ट्रेलियाको कुल जनसंख्याको ०.५ प्रतिशत हुन आउँछ। यो संख्या १० वर्षअघि सन् २०११ को रार्षट्रिय जनगणनामा २७ हजार ८१० थियो र उक्त संख्या अष्ट्रेलियाको कुल जनसंख्याको ०.१ प्रतिशत मात्र थियो। नेपाली मूलका अष्ट्रेलियन नागरिकहरूको विगत १० वर्षको वृद्धिलाई हेर्दा १ लाखभन्दा बढी नेपाली आप्रवासीहरूले अष्ट्रेलियाको नागरिकता प्राप्त गरेको देखिन्छ

अष्ट्रेलियन व्युरो अफ स्टाटिस्टिकले पहिलो पटक सन् १९९६ को रार्षट्रिय जनगणनामा नेपाली मूलका अष्ट्रेलियन नागरिकहरूको जनसंख्या प्रकाशित गरेको थियो। उक्त जनणगना अनुसार १४१० नेपाली अष्ट्रेलियामा नागरिकको रूपमा बसोबास गरेको देखिन्छ। विगत २५ वर्षमा यो संख्या लगातार बढेर सन् २०२१ मा १ लाख २९ हजार ८७० पुगेको छ।

जनसंख्या वृद्धिको यो प्रवृत्तिलाई हेर्दा सन् १९९९ सम्म अघिल्लो वर्षको तुलनामा करिब ७-८ प्रतिशतको दरमा नेपालीको जनसंख्या बढेको देखिन्छ भने सन् २००० देखि २००६ सम्म यो वृद्धिदर ११-२२ प्रतिशत रहेको छ। नेपालमा दोस्रो जनआन्दोलनपछि अर्थात् सन् २००७-२००९ को बीचमा भने अघिल्लो वर्षको तुलनामा जनसंख्याको वृद्धिदर ८७.५ प्रतिशतसम्म पुगेको देखिन्छ।

सन् २०१०/११ मा केही सुस्ताएको अष्ट्रेलिया नेपाली आप्रवासनको दर सन् १०१२ बाट भने लगातार बढ्दै गएर कोभिड-१९ को पहिलो संक्रमणसम्म आइपुग्दा २८.४ प्रतिशतसम्म पुगेको देखिन्छ भने कोभिडको संक्रमण बढेपछि अष्ट्रेलिया सरकारले आप्रवासीहरूको लागि अष्ट्रेलियाको अन्तर्रार्षट्रिय सीमा बन्द गरेकोले नेपाली आप्रवासनको दर सन् २०२१ मा ऋणात्मकसम्म भएको देखिन्छ।

सन् २०२२ को मार्च महिनामा नेपालको शिक्षा मन्त्रालयबाट दैनिक सरदर १२०० जति नो अब्जेक्शन लेटर जारी भएको देखिन्छ। कोभिड महामारी भन्दा अघि आर्थिक वर्ष २०७५/७६ मा ६३ हजार २५९ नेपाली विद्यार्थीले नेपालको शिक्षा मन्त्रालयको वैदेशिक शिक्षा अनुमति शाखाबाट विदेश अध्ययनको लागि अनुमति लिएका थिए। उक्त शाखाको तथ्याङ्क अनुसार नेपालीहरू वैदेशिक अध्ययनको लागि जाने प्रमुख ५ गन्तव्य मुलुकहरूमा जापान, अष्ट्रेलिया, दक्षिण कोरिया, बेलायत र क्यानडा रहेका छन्। अष्ट्रेलियाको गृह मामिला विभागको तथ्याङ्क अनुसार यस वर्षको मार्च महिनामा मात्र अष्ट्रेलियामा उच्च अध्ययनका लागि ४ हजार ७८८ जना नेपाली विद्यार्थीले आवेदन गरेका थिए जुन संख्या चिनियाँ विद्यार्थीभन्दा ८५८ ले बढी थियो। अष्ट्रेलियामा नेपाली आप्रवासनको दरमा विभिन्न कालखण्डमा अष्ट्रेलियाको आप्रवासन नीति र अन्य विभिन्न कारणले उतारचढाव आएतापनि अष्ट्रेलिया नेपालीको लागि सदैव उत्कृष्ट गन्तव्य मुलुकको रूपमा रहेको तथ्य माथिका तथ्याङ्कहरूले पनि थप स्पष्ट पार्दछ।

विदेशमा जन्मिएका अष्ट्रेलियाका नागरिकहरूको राज्यगत वितरणको तथ्याङ्क सन् २०२१ को जनगणनाले हालसम्म सार्वजनिक नगरेको भएतापनि सन् १९९६ देखि २०१६ सम्म गत २० वर्षको नेपाली आप्रवासीको राज्यगत वितरणको अवस्थालाई हेर्दा सबैभन्दा बढी ५८.४ प्रतिशत आप्रवासी नेपालीहरू न्यू साउथ वेल्स राज्यमा बसोबास गर्दछन्। अष्ट्रेलियाको सबैभन्दा ठूलो सहर सिड्नी लगायत न्यूक्यासल, सेन्ट्रल कोष्ट र ओलोङगंग जस्ता सहरहरू न्यू साउथ वेल्स राज्यमा पर्ने भएकोले पनि आधाभन्दा बढी नेपाली आप्रवासीहरू न्यू साउथ वेल्स राज्यमा बसोबास गरेको देखिन्छ।

त्यसैगरी भिक्टोरिया राज्यमा १७.२ प्रतिशत नेपाली आप्रवासी बसोबास गर्दछन्। जहाँ दोस्रो ठूलो सहर मेलवर्न रहेको छ भने ९.४ प्रतिशत नेपाली आप्रवासी क्विन्सल्याण्ड राज्यमा बसोबास गर्दछन् जसमा ब्रिसवेन जस्तो तेस्रो ठूलो सहर पर्दछ। यी तथ्याङ्कहरूले के देखाउँदछ भने ८५ प्रतिशत नेपाली अष्ट्रेलियाको सुदूर पूर्वीय समुद्री तटमा अवस्थित तीन ठूला सहरहरू सिड्नी, मेलवर्न र ब्रिसवेनमा केन्द्रित छन् भने साउथ अष्ट्रेलिया राज्यको एडिलेड, पर्श्चिम अष्ट्रेलिया राज्यको पर्थ, तस्मानिया, नर्दन टेरिटोरी राज्यको डार्विन र अष्ट्रेलियन क्यापिटल टेरिटोरीको क्यानवेरा जस्ता सहरहरू भने नेपाली आप्रवासीहरूको कम रोजाइमा परेको देखिन्छ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Endemic = कुनै विशेष ठाउँ वा समूहमा रहेको। प्रकोप AIDS is endemic especially in Sub-Sahara region of Africa and South Asia एड्सको विशेष गरी अफ्रिकाको सवसाहरा क्षेत्र र दक्षिण एसियामा प्रकोप रहेको छ।

Flial = पिटेर झार्नु वा चुटनु People flial paddy even to these days in the Nepalese villages नेपालको गाउँ घरमा अझै पनि मानिसहरू हातैले धान चुट्ने काम गर्दछन।

Gyroscope = सन्तुलन कायम गर्ने यन्त्र Gyroscope is used to counteracting the rolling movement of the sea समुद्रको बेहरी। लहरबाट हुने असन्तुलनबाट जहाजलाई सन्तुलित राख्न जिरोस्कोपको प्रयोग गरिन्छ।

Hypochondriac= आफ्नो स्वास्थ्यका बारेमा अनावश्यक चिन्ता लिने मानिस He is a hypochondriac and thus not liked by his family members आफ्नो स्वास्थ्यका बारेमा अनावश्यक चिन्ता लिने मानिस भएको हुँदा उसलाई आफ्नै परिवारका सदस्यहरूले पनि मनपराउँदैनन्।

Imperturbable = शान्त, छिट्टै जोशमा नआउने, धैर्यवान An imperturbable leader always has full command of the situation एक धैर्यवान नेताले परिस्थितिलाई सधैं आफ्नो नियन्त्रणमा राखेको हुन्छ।

Jibe = अमिल्दो Ram says that Shyam danced very well last night but Shyam says it was not him rather Ram who danced very well . The sayings of these two do not jibe राम भन्छ श्यामले हिजो बेलुकी धेरै राम्रो नाच्यो भनेर तर श्यामचाहि आफूले होइन रामले पो राम्रो नाच्यो भन्छ। यी दुईको कथन एक अर्कासंग अमिल्दो छ।

Kudos = सम्मान, प्रशंसा। श्रेय She does most of the work but kudos goes to his husband काम जति सबै तिनी गर्दछिन तर श्रेय र सम्मान भने सधैं उनको पतिले पाउँछन्।

Libel = अर्काको मानहानी वा गाली बेइज्जती हुने किसिमको वक्तव्य, लेखाई वा भनाइ The trader sued the journalist for libeling him to have adulterated the food खानेकुरामा मिसावट गर्‍यो भनेर गाली वेइज्जति गरेकोमा व्यापारीले पत्रकार विरुद्ध मुद्धा दायर गरिदिए।

Microcosm = सानो विश्व, सानो संसार Nepal is a microcosm within the earth where all climates, flora, fauna and colors exist नेपाल पृथ्वीभित्रको सानो विश्व हो जहाँ सबै हावापानी, प्राणी, वनस्पती र वर्ण पाइन्छ।

Nocturnal = रातको। रातमा गरिएको Owl is an nocturnal bird लाटोकोसेरो रातको चरा हो।

## Bring बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Bring somebody down = लडाउनु He brought down the opponent player in penalty area उसले विपक्षी खेलाडीलाई पेनाल्टी क्षेत्रमा लडाइदियो।

Bring something down = झार्नु Chinese soldiers brought down many american planes during Vietnam War चिनिया सेनाले भियतनाम युद्धताका धेरै अमेरिकन विमानलाई झारिदिए।

Bring something forth = उत्पादन गर्नु This year these trees do not bring anything forth यो वर्ष यी रुखहरूले कुनै उत्पादन दिंदैनन।

Bring something forward = सार्नु We have decided to bring forward the meeting for next month हामीले बैठक अर्को महिनाको लागि सार्ने निर्णय गरेका छौ।

Bring something forward = अगाडि ल्याउनु This sum has been brought forward from last month to this month यो हिसाव अगाडि महिनाबाट यो महिनामा ल्याइएको हो।

Bring somebody in = कैद गर्नु Police brought in these students while demostrating प्रहरीले यी विद्यार्थीहरूलाई जुलुसबाट समाती कैद गरेको हो।

Bring something in = भित्राउनु This year they have brougt in good harvest यो वर्ष तिनीहरूले राम्रो वाली भित्राएका छन।

Bring somebody in something = कमाइ गर्नु उसको कामले उसलाई महिनाको असी हजार कमाइ गरिदिन्छ।

Bring somebody in something on = सल्लाह लिनु They did not bring us in this plan on यो योजनामा उनीहरूले हाम्रो सल्लाह लिएनन्।

Bring somebody off = उद्धार गर्नु Rscuer brought us off from the boat उद्धारकर्ताले हामीलाई डुंगाबाट उद्धार गरे।

### सुडोकु-अंक २६९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ९ | | | | | | | |
| | | | | | ७ | ५ | | १ |
| | १ | | ९ | ८ | | | | |
| | ३ | | ८ | ९ | ४ | ६ | | |
| | | ६ | ३ | | ५ | २ | | |
| | | ७ | ६ | १ | २ | | ८ | |
| | | | | ६ | १ | | ५ | |
| ३ | | ८ | ४ | | | | | |
| | | | | | | | ४ | |

### अंक २६८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ४ | १ | ८ | ७ | ९ | २ | ३ | ५ |
| २ | ८ | ३ | ४ | १ | ५ | ७ | ६ | ९ |
| ९ | ५ | ७ | ६ | २ | ३ | ८ | १ | ४ |
| ७ | १ | २ | ३ | ६ | ४ | ५ | ९ | ८ |
| ८ | ९ | ६ | १ | ५ | ७ | ४ | २ | ३ |
| ५ | ३ | ४ | २ | ९ | ८ | १ | ७ | ६ |
| ३ | २ | ८ | ७ | ४ | ६ | ९ | ५ | १ |
| १ | ६ | ५ | ९ | ८ | २ | ३ | ४ | ७ |
| ४ | ७ | ९ | ५ | ३ | १ | ६ | ८ | २ |

# EXPLOITS SHINING IN THE HISTORY OF THE VICTORIOUS WAR

In the Korean war (1950-1953), which was in effect a confrontation between a rifle and an atomic bomb, the people of the Democratic People's Republic of Korea and soldiers of the Korean People's Army won victory by defeating the aggressors, who were boasting numerical and technological superiority, by dint of political and ideological, strategic and tactical superiority.

The victory was an outcome of the brilliant leadership of President Kim Il Sung, who brought up the Korean people and the Korean People's Army soldiers to be heroes.

During the war he proposed conducting an aircraft-hunting movementto deal heavy blows to the US imperialists who were bragging about their aerial supremacy.

Later a proposal was put forward to award the title of hero to those who had shot down three enemy aircraft in a month.

At that time a conservative law specialist opposed the proposal, claiming that there were not many heroes in other countries, and that if those who had shot down three enemy aircraft in a month were awarded the title, there would be too many heroes in the country.

Kim Il Sung said: What is wrong to have many heroes in the country? 1 000 heroes mean 3 000 enemy aircraft shot down, and 2 000 heroes mean 6 000 enemy aircraft shot down; it would be a political, military and financial blow at the US imperialists; I hope that all the service personnel and people will become heroes by fighting against the US imperialists bravely.



It was a way of calculation of Kim Il Sung that the more the heroes are, the faster the revolution progresses, and the law of direct proportion acts on the relations between the number of heroes and the interests of the revolution.

Once when he met model combatants, he told them that on their return to the front they should not only fight more bravely but also make the soldiers of their units heroes and model combatants.

According to data, more than 600 soldiers became heroes during the Korean war. Of them, 5 were twice heroes, 13 women heroes, and 20 labour heroes including 2 women heroes.

There are scores of teenage heroes like 18-year-old Ri Su Bok who blocked enemy gun muzzle with his chest to make a breakthrough for his unit.

I am a young man of liberated Korea.
My life is valuable.
My hope for the brilliant tomorrow is also valuable.
But my life, my hope and my happiness are not more valuable
Than the destiny of the motherland.
What would be a more valuable life, more beautiful hope and greater happiness
Than to sacrifice my youth, the one and only life, for the one and only motherland?

There were more than 420 heroes in their twenties like KoHyon Bin who hoisted the DPRK flag on the rooftop of the CapitolBuilding of the puppet regime, and more than one hundred in their thirties and forties; and many members of the youth league became heroes.

Standing at the vanguard of the ranks of heroes were more than ten soldiers like Kim Kun Ok who recorded a miracle in the naval fight by sinking an enemy heavy cruiser and destroying a light cruiser with four torpedo boats, and Kim Ki Ok who shot down the enemy'slatest-type aircraft F-80.

In the battles to defend Wolmi Island with four guns to check a large-scale landing operation of the US 50 000 soldiers, hundreds of vessels, 1000 aircraft and even the soldiers of the old Japanese army, the heroic soldiers of the coastal artillery unit of the KPA deterred the enemy attacks for three days, thereby contributing to implementing the strategic intention of the Supreme Headquarters.

The heroes from the services, arms and corps of the Korean People's Army, who dedicated their youth and life during the war number more than 500 in all.

Heroes were also produced from Party and government organs, social and state security and prosecutors' organs, rail transport sector, people's guerrilla units, factories, enterprises and countryside.

The exploits of the heroes are handed down to posterity along with V-day, July 27.

## Happy Children's in DPR of Korea
























## नेपाल-भारत...

समाधानका लागि मित्रवत् बाटो खोज्नेमा शंका गर्नुपर्ने ठाउँ छैन, दुई छिमेकी मित्रराष्ट्रबीचको महत्वपूर्ण पक्ष भनेको आपसमा छलफल गरेर समस्या समाधान गर्न सक्नु नै हो। हामीले यसरी नै बंगलादेशसँग सीमा समस्या समाधान गरेका छौँ। नेपालसँग पनि हाम्रा केही सम्बन्ध छन्। यस विषयलाई अघि बढाउन जिम्मेवार छलफल र वार्ताका लागि हामी गम्भीर छौँ।'

भारतीय विदेशसचिवको मनसाय : सीमा सम्बन्धमा प्रधानमन्त्री मोदीले केही नबोले पनि भारतीय विदेश सचिवको भनाइभित्र लुकेको मनसायको विश्लेषण गर्ने हो भने सीमा समस्या वार्ताको माध्यमबाटै समाधान हुन्छ, तर वार्ता गर्ने पदाधिकारी जिम्मेवारपूर्ण स्तरको रहनुपर्छ। सयौँ वर्षदेखि रहेको भारत-नेपाल सम्बन्धलाई सीमा मामिलाले खलल पुऱ्याउनु हुँदैन। सीमा विवादको विषयलाई राजनीतिक मुद्दामा परिणत गर्नुहुन्न भन्ने उनको आशय रहेको बुझिन्छ। साथै, उनले कालापानी, सुस्ताजस्ता सीमा मामिला समाधानका सम्बन्धमा मित्रताको बाटो पहिल्याउनुपर्छ। उनको भनाइको आशय हामीले आपसी संवाद गरेर नै सीमा समस्या समाधान गर्न सक्नुपर्छ भन्ने नै हो। साथै, हामीले बंगलादेशसँग सीमा समस्या समाधान गऱ्यौँ, नेपालसँग पनि त्यसरी नै सीमा समस्या समाधान गर्न सकिन्छ, तर वार्तालाई अघि बढाउन जिम्मेवार अधिकारसम्पन्न संयन्त्रबीच गम्भीर रूपले छलफल हुनुपर्छ भन्नेमा उनको विशेष जोड रहेको बिर्सिन मिल्दैन।

कालापानी क्षेत्र नेपालले भारतलाई छाड्नुपर्ने भए काँकडभिट्टादेखि भारतको सिलिगुडी, विधाननगर, च्याङलाबन्धा हुँदै बंगलादेशको दिनाजपुर जिल्लाको पाँचगढ छुने त्यत्तिकै क्षेत्रफलको भूभाग नेपालले पाउने कार्यविधि बनाउन सकियो भने मोदीले बंगलादेशमा उद्गार गरेजस्तै भारत र नेपालबीच रहेको कालापानीरूपी मामिलाको 'अर्को बर्लिन पर्खाल' भत्किने थियो

यस सम्झौतालाई मोदीले 'बर्लिन पर्खाल भत्काइएको' संज्ञा दिएका थिए भने बंगलादेशी प्रधानमन्त्री सेख हसिना वाजेदले ६८ वर्ष पुरानो सीमावर्ती मानव परोपकारी समस्या शान्तिपूर्ण तरिकाले समाधान भएको बताएकी थिइन्। पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले ऐतिहासिक सम्झौतामा आफू साक्षी हुन पाउँदा गौरवान्वित भएको बताएकी थिइन्।

यहाँ कोट्याउन खोजिएको कुरोचाहिँ के हो भने भारत-बंगलादेशबीच जमिन सट्टापट्टा अर्थात् लेनदेन गरिएजस्तै भारतले नेपालको अतिक्रमण गरेको लिम्पियाधुरा-कालापानी-लिपुलेक क्षेत्र भारतको भूमिसँग साटासाट गर्ने प्रस्ताव राख्न खोजेको हो कि! दुई देशबीच सीमा संवाद भइहाल्यो भने त्यस क्रममा यदि भारतले यस्तो प्रस्ताव राख्यो भने नेपालले के भन्ने ? यसमा नेपालको सीमा रणनीति के-कस्तो हुनुपर्छ भन्ने कुरो मननीय र संवेदनशील छ।

नेपाल-भारत जमिन सट्टापट्टाका दृष्टान्त : नेपाल र ब्रिटिसकालीन भारतबीच जमिन सट्टापट्टा गरिएका उदाहरण छन्। हाल कञ्चनपुरको शारदा ब्यारेज बनाइएको चार हजार १३० एकड भूमि सन् १९२० मा नेपालले भारतलाई दिएको थियो। भारतले त्यसको सट्टा बर्दियाको राजापुर र दाङको कोइलावास क्षेत्रमा गरी चार हजार ९३ एकड जमिन नेपाललाई दिएको थियो। यसअनुसार ३७ एकड जमिन नेपालले फिर्ता पाउन बाँकी नै छ। यस्तै, नेपाल र चीनबीच सन् १९६२ मा १८३६ वर्गकिलोमिटर भूमि नेपालले चीनलाई दिएको थियो भने चीनले दुई हजार १३९ वर्गकिमि क्षेत्रफलको जमिन नेपाललाई दिई ३०३ वर्गकिमि जमिन नेपालले बढी पाएको थियो।

लिपुलेकदेखि नाभिडाङ, कालापानी (तिल्सी), गुन्जी, नाभी, कुटी, जोलिङकाङ र लिम्पियाधुरासम्म रहेको क्षेत्रको आफ्नो सार्वभौमिकता भएको भारतद्वारा अतिक्रमित भूमिबाट नेपालले उपयोग गरी फाइदा लिन नसकेकाले विगतमा नेपाल-भारत र नेपाल-चीनबीच जमिन सट्टापट्टा गरिएको दृष्टान्तलाई लिएर र भारत-बंगलादेशबीच इनक्लेभका जमिन लेनदेन गरिएका उपमा दृष्टिगत गरेर १६१ आवासीय घरधुरीमा करिब ९०० जनसंख्या रहेको तीन सय ७२ वर्गकिमि कालापानी क्षेत्र नेपालले भारतलाई दिँदै काँकडभिट्टा पूर्वदेखि भारतको सिलिगुडी, विधाननगर, च्याङलाबन्धा हुँदै बंगलादेश दिनाजपुर जिल्लाको पाँचगढ छुने त्यत्तिकै क्षेत्रफल र उपयोगिताको भूभाग नेपालले लिने कार्यविधि भए भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बंगलादेशमा उद्गार गरेको भाषाजस्तै भारत र नेपालबीच रहेको कालापानीरूपी मामिलाको 'अर्को बर्लिन पर्खाल' भत्किने थियो। यसबाट नेपालको सिमाना बंगलादेशसम्म पुग्ने थियो। नेपालले बंगलादेशको मंगला बन्दरगाह उपयोग गर्न पाई समुद्रपारबाट कम लागतमा सरसामान आयात निर्यात हुन सक्ने थियो। ढुवानी खर्च बचत हुने र नेपालको सिमानाले तेस्रो देश छुने थियो।

यसबाट नेपाल र भारतबीचको कालापानीसम्बन्धी सीमा संवाद 'विन-विन सिचुएसन'मा हल हुन पुग्ने थियो। यसमा मतभिन्नता हुन सक्छ। भारतीय भूमि दुई टुक्रा हुने भयो भन्ने दलील पनि आउन सक्छ। यस प्रसंगमा २३ वर्षसम्म एउटै राष्ट्र पाकिस्तान र पूर्वी पाकिस्तान दुई हजार दुई सय किलोमिटर टाढा रहेका थिए भन्ने दृष्टान्त पनि आउँछन्। तर, यसका लागि सर्वसाधारणसम्मको स्तरमा समेत व्यापक छलफल गरी नेपाल एकमतमा पुग्ने राष्ट्रिय दृष्टिकोणको आवश्यकता पर्छ।

सीमा विवाद समाधानमा निश्चय नै कूटनीतिक कौशल, परिपक्वता, चातुर्य र चाप्लुसीपूर्ण ढंगबाट अघि बढ्नु आवश्यक छ। वार्ताको ढोकाभित्र पसेर निस्किएपछि पछुताउनु नपर्ने तरिका के-कस्तो अवलम्बन गर्नु आवश्यक पर्छ भन्ने पक्ष महत्वपूर्ण रहेको छ। यसका लागि प्रशस्त आन्तरिक छलफल र सशक्त गृहकार्य आवश्यक पर्ने तथ्य नेपालले पटक्कै बिर्सिनुहुँदैन।

## फिजिकरण...

तर भारतीय संविधानमा भारतीय पुरुषसँग विवाह गरेकी कुनै विदेशी महिलाले भारतको नागरिकता पाउन पतिसँग भारतमा लगातार सात वर्ष बसेको हुनुपर्ने र त्यसपछि मात्र उसले नागरिकताका लागि आवेदन दिन पाउने व्यवस्था छ। आवेदनकर्ताले नागरिकता पाउनु नपाउनु भारतीय सरकारकै निर्णयमा भर पर्छ, नागरिकता पाउने कुनै अर्को कानुन छैन। जबकि नेपालमा विवाहको भोलिपल्टै नागरिकता पाउने प्रावधान राखिएको छ। नेपाली पुरुष र विदेशी महिलाबाट जन्मिएका सन्तानले वंशजको आधारमा, तर नेपाली महिला र विदेशी पुरुषबाट जन्मिएका सन्तानले अंगीकृत नागरिकता पाउने प्रस्ताव विधेयकले गरेको छ।

जन्मसिद्ध नेपाली नागरिकका सन्तानहरूलाई नागरिकता दिने नाममा नेपालमा नजन्मिएका, स्थायी बसोबास नभएका सन्तानलाई र किर्ते जन्मसिद्ध नागरिकहरूका सन्तानहरूलाई समेत वंशजको नागरिकता दिने प्रावधानले सोझै लाखौं गैरनेपालीहरूले नेपालको वंशजको नागरिकता पाउने छन्। सरकारले भूराजनीतिक बनोटको देशको संवेदनशीलता समेत बेवास्ता गर्दै विधेयक ल्याएको छ। चीन र भारतजस्ता विशाल भूगोल र जनसंख्या भएका मुलुकका बीचमा अवस्थित छ नेपाल।

विशेषगरी भारतीय दबाबमा अन्तरिम संविधान ०६३ संविधान जारी हुनुभन्दा अगाडि नै २०६३ मंसिर १० गते नाागरिकता ऐन ल्याइएको थियो। त्यसमा विवादास्पद र राष्ट्रहित विपरीत प्रावधानहरू थिए। उक्त ऐनको आधारमा पहिलो संस्करणको संविधानसभा निर्वाचनअघि गृह प्रशासनले नागरिकता वितरण गऱ्यो। सीमावर्ती भारतीय गाउँहरूमा बसोबास गर्ने ठूलो संख्याका भारतीय नागरिकहरूले समेत किर्ते कागजात बनाई जन्मसिद्ध नेपाली नागरिकता लिन सफल भएका थिए। विघटित श्री ५ को सरकारको समयका कागजपत्र, छाप, लोगो र कार्ड प्रयोग गरी हिजाआज पनि तराईमा व्यापक रुपमा किर्ते नागरिकता किनबेच भइरहेका छन्। भारतीय पुरुष पक्षले नेपाली कन्या पक्षसँग दाइजो (दहेज) नलिई नेपाली नागरिकताकै आधारमा मात्रै पनि नेपाली कन्या बिहे गर्ने र भारतीय पुरुषले आफ्ना सासुससुरालाई आमाबाबु बनाई किर्ते नागरिकता बनाउने व्यापक प्रचलन रहेको छ।

०६३ सालको कानुनमा नै मतदाता सूचीको आधारमा नागरिकता दिइएकाले लाखौं भारतीयहरूले नेपाली नागरिकता लिएको प्रस्ट छ। सो ऐन अनुसार गैरनेपालीलाई नागरिकता दिन ३ जनाको सिफारिस गरी लाखौं किर्ते नागरिकता लिएको तथ्यहरू प्रमाणित भइरहेका छन्। २०३६ सालको मतदाता नामावली (जसलाई त्यतिबेलै अध्यादेशद्वारा खारेज गरिएको थियो) लाई पनि आधार बनाएर ०४६ सालपछिका एकपछि अर्को ढंगले नागरिकता दिँदै गए। ०५४ सालमा जितेन्द्र नारायणदेवले नागरिकता नामावलीकै आधारमा नागरिकता वितरण गरेपछि सर्वोच्च अदालतले त्यस्ता नागरिकतालाई खारेज गऱ्यो। तर सरकारले भने सर्वोच्चको त्यो फैसलालाई अझै कार्यान्वयन गरेको छैन। शक्तिशाली नागरिकता छानबिन उच्चस्तरीय समिति बनाएर गैरनेपालीहरूको हातमा पुगेको नेपाली नागरिकता सरकारले खोस्नुपर्नेमा गैरनागरिकले सजिलै नागरिकता पाउने गरी दायरा फराकिलो पार्दै नागरिकता विधेयक सरकारले ल्याउनु देशकै निम्ति घातक छ।

नेपाली पुरुषसँग बिहे गरेर आउने विदेशी महिलाले चाहेमा संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता पाउने व्यवस्था संविधानको धारा ११ उपधारा ६ ले गरेको छ। नेपाली महिलासँग बिहे गरेर नेपाली नागरिकता लिन चाहने विदेशी पुरुषलाई नागरिकता दिने, नदिने भन्ने विषयमा विधेयक बोलेको छैन।

नेपालको संविधान २०७२ धारा १२ भन्छ- यो संविधानबमोजिम वंशजाको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछन्। सरकारले ल्याएको विधेयकमा आमाको नामबाट नागरिकता प्राप्त गर्न यस्तो व्यवस्था गरिएको छ। नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको पुष्ट्याइँसहित निज वा निजको आमाले स्वघोषणा गरेर निवेदन दिनुपर्नेछ। यसरी बाबुको नामबाट नागरिकता लिँदा आमाको प्रसंगै लिनु नपर्ने तर आमाको नामबाट नागरिकता लिँदा बाबुको पहिचान खुल्न नसकेको कारण पनि पुष्टि गर्नुपर्ने प्रस्तावप्रति महिला सांसद र अधिकारकर्मीले विमति जनाएका छन्।

नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले माइती देशको नागरिकता नत्यागी तत्काल अंगीकृत नेपाली नागरिकता पाउने छिन्। अर्थात् एकैचोटि दुई देशको नागरिक बन्ने सुविधा पाउँछिन्। सार्क मुलुकहरूमा भारतमा विवाह भएकी विदेशी चेलीले भारतीय नागरिकता प्राप्त गर्न भारतमा श्रीमानसँग लगातार सात वर्ष बसेको हुनुपर्ने व्यवस्था छ। त्यस्तै पाकिस्तानमा ६ वर्षपछि मात्र पाकिस्तानीसँग विवाह गर्ने विदेशी महिलालाई नागरिकता दिने व्यवस्था छ। तर महिला मुस्लिम हुनुपर्छ। बंगलादेशमा ५ वर्षको प्रावधान राखिएको छ। माल्दिभ्समा पनि ६ वर्षपछि मात्र नागरिकताको माग गर्न सकिनेछ। त्यस्तै श्रीलंकामा ७ वर्ष र भूटानमा १० वर्ष अर्थात् दुई सन्तान जन्माइसकेपछि मात्र नागरिकता दिइने प्रावधान छ।

तराईमा बसोबास गरिरहेका भूमिहीन कृषि मजदुरको नाममा जग्गाधनी पुर्जा बनाई उनीहरूलाई सहजै नेपाली नागरिकताको प्रमाणपत्र दिने व्यवस्था गरिनुपर्छ। तराईमा थुप्रै आदिबासीहरूले अझै नागरिकता नपाएको विवरण सार्वजनिक भइरहेको छ। नागरिकता पाउने व्यवस्थालाई विधेयकले झन् उदार बनाएर विदेशीहरूले नेपाली नागरिकता लिन सहज बनाइनु देशकै निम्ति दुर्भाग्य हुनेछ। राष्ट्रहित अनुकूल हुने गरी कडा नागरिकता नीति अवलम्बन गरिनुपर्छ। उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरेर गैरनेपालीले लिएका नागरिकता किर्ते प्रमाणपत्र र सर्वोच्च अदालतले बदर गरेका नागरिकता प्रमाणपत्रहरूलाई व्यावहारिक रुपमै रद्द गरिनुपर्छ। भारतका श्रमिकले नेपालबाट ३ खर्ब ३२ अर्ब विप्रेषण लाने गर्छन्। यसबाट थाहा हुन्छ- नेपालमा भारतीयहरूको बिगबिगी कति छ ?

२०६४ सालको संविधानसभा निर्वाचन अगाडि खटिएको नागरिकता टोलीबाट देशैभर १ लाख ७० हजार ४२ जनाले जन्मका आधारमा नागरिकता पाएका थिए। नागरिकता विधेयक संसदमै छलफलका क्रममा रहेको समयमा गृहमन्त्रालयले जन्मका आधारमा नागरिकता लिएकाहरूका बालिग सन्तानलाई वंशजका आधारमा नागरिकता दिन ७७ जिल्ला प्रशासनलाई परिपत्र गरेको छ। अन्तरिम संविधान २०६३ ले ०४६ चैत मसान्तसम्म नेपालमा जन्म भई स्थायी रुपले नेपालमै बसोबास गर्दै आएका व्यक्तिलाई जन्मका आधारमा नेपाली नागरिक मान्दै आएको थियो। नागरिकता ऐन २०६३ मा त्यही अनुसार व्यवस्था गरी नागरिकता वितरण गरिएको थियो। एकपटक त्यो पनि ऐन जारी भएको दुई वर्षभित्रको अवधिका लागि जन्मका आधारमा नागरिकता दिन सकिने व्यवस्था गरिएको थियो। नेपालको नागरिकतालाई यसरी खुकुलो पार्दै लैजाने हो भने नेपाल फिजीकरणको बाटोमा अघि बढ्ने निश्चित छ। भारत नेपाललाई फिजीकरण गर्दै सिक्किमीकरण गर्न उद्यत देखिएको छ।

## काठमाडौंमा...

पनि फैलिएका छन्। २२ अप्रिल १९४९ का दिन नेपाल कम्युनिस्ट पार्टीको जन्म गराउने प्रमुख नेता पुष्पलाल थिए। उनले नेकपाको स्थापना मात्रै गरेर छोडिदिएका भए नेपाली कम्युनिस्ट आन्दोलनले नेपालको राजनीतिक इतिहासमा यति धेरै महत्व र शक्ति प्राप्त गर्ने थिएनन्। पुष्पलालले नेकपालाई संगठनात्मक स्वरुपका साथ अघि बढाउने विषयमा पनि सर्वाधिक महत्वपूर्ण योगदान गरेका थिए। निरंकुश पञ्चायती व्यवस्थाविरुद्ध कम्युनिस्ट र कांग्रेस मिलेर संयुक्त जनआन्दोलनमा जानुपर्ने विचार पुष्पलालले अघि सारे। उनको निधनको एकदशकपछि उनकै अवधारणाअनुसार वाममोर्चा र नेपाली कांग्रेसको संयुक्त नेतृत्वमा ०४६ सालमा जनआन्दोलन सम्पन्न भयो। जसले देशमा निरंकुश पञ्चायती शासनको अन्त्य र बहुदलीय शासन प्रणालीलाई पुनर्स्थापित गरायो।

नेकपा मालेले आगामी संघीय संसदको निर्वाचनमा काठमाडौं क्षेत्र नं. १ बाट स्थायी कमिटी सदस्य एवं सामाजिक अभियन्ता, पत्रकार समेत रहेका सुरेन्द्र ढकाललाई उम्मेदवारका रुपमा खडा गरेको जानकारी दिँदै महासचिव मैनालीले माले उम्मेदवार ढकालले जित्नेमा आफू आशावादी रहेको बताए। सबैले सक्रियताका साथ ढकालको उम्मेदवारीको बारेमा प्रचारप्रसार गर्न पनि सो अवसरमा महासचिव मैनालीले आह्वान गर्दै जितलाई सुनिश्चित गर्न जोड दिए।

कार्यक्रममा बोल्दै काठमाडौं क्षेत्र नं. १ का माले उम्मेदवार एवं माले स्थायी कमिटी सदस्य सुरेन्द्र ढकालले आफू निर्वाचित भए एक रुपैयाँ पनि सांसदले पाउने बापतको तलबभत्ता नलिने घोषणा गरे। उनले भने– निर्वाचित जनप्रतिनिधिले जनताको पसिनाबाट उठाइएको करबाट प्राप्त हुने रकम तलबभत्ताका रुपमा लिनु हुँदैन। पञ्चायतकालमा जनप्रतिनिधिलाई राष्ट्रिय पञ्चायत सदस्यबाहेक अरुलाई तलबभत्ता थिएन। अहिले वडा सदस्य समितिले तलबभत्ता खाइरहेका छन्। राजनीति कुनै व्यवसाय वा पेसा होइन, यो शुद्ध जनसेवाको विषय हो। अबको राजनीति देशबाट लिनेले होइन, देश र जनतालाई दिनेले गर्नुपर्छ। राज्यले मलाई के दिन्छ होइन, मैले राज्यले के दिन सक्छु भन्नेले गर्ने हो राजनीति। वादमा आधारित राजनीति होइन। अब परिणाममुखी राजनीतिको आवश्यकता छ। भाषणले मात्र होइन काम र व्यवहारले जनताको मन जित्ने गरेर म काम गरेर देखाउँछु।

माले उम्मेदवार ढकालले देश शक्ति राष्ट्रहरूको भूराजनीतिक चपेटामा परेको बताउँदै इन्डोप्यासिफिक स्ट्राटेजीको अंगका रुपमा रहेको मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संसदबाट अनुमोदन गराएर गठबन्धन सरकारले गम्भीर राष्ट्रघात गरेको आरोप पनि लगाए। नेपालले लिएको असंलग्न परराष्ट्र नीति हात्तीको देखाउने दाँत मात्र भएको उनले बताए। नेपाल अमेरिकी ध्रुवमा सामेल भएको उनको दाबी छ। सरकार अमेरिकासँग स्टेट पार्टनरसिप प्रोग्राममा सामेल हुँदैछ। यसले नेपाललाई युक्रेनीकरणको बाटोमा धकेलिरहेको छ, उनले भने। देश भ्रष्टाचार, बेथिति, विसंगति र कालाबजारीले आक्रान्त छ। प्रदेश सरकारहरू भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन्। देशले संघीयता धान्न नसक्ने अवस्था आइसकेको छ। जनस्तरबाटै प्रदेश संघीयताको विरोध भइरहेको छ। सञ्चित विदेशी मुद्रा सकिँदैछ। डिजेल र पेट्रोलमा अरबौं रकम गइरहेको छ। व्यापारघाटा दिनहुँ बढ्दो छ। यसले नेपाललाई श्रीलंका बनाउने हो कि भन्ने आशंका गर्न थालिएको छ। भारतले सीमा मिचेको छ। कालापानी निलेको छ। तर सरकार मूकदर्शक बनेर बसेको छ। दूरदराजका जनता सिटामोलसम्म खान नपाएर मर्दैछन्। देशमा भएका कुशासन, विकृति, भ्रष्टाचार लगायतका विषयलाई संसदमा आफूले जोडदार रुपमा उठाउने ढकालले प्रण गरेका छन्।

काठमाडौं जिल्ला कमिटीको आयोजनामा सम्पन्न सो कार्यक्रमका अवसरमा क्षेत्र नं. १ का उम्मेदवार सुरेन्द्र ढकालको प्रतिबद्धतासहितको ब्यानर माले महासचिव सीपी मैनालीले अनावरण गरेका थिए। कार्यक्रमको सभापतित्व काठमाडौं जिल्ला कमिटीका अध्यक्ष सिद्धि महर्जनले गरेका थिए भने कार्यक्रम सञ्चालन केन्द्रीय सदस्य दिनेश खातीले गरेका थिए।

## नेपालमुखी...

रहेको पुरानो चलन अनुसारको राष्ट्रघाती कानुनलाई नै अघि बढाएको छ।

भारतीय सरकारको सहजीकरणमा माओवादी आन्दोलनको शान्तिमा अवतरण भए पश्चात २०६३ सालको कार्तिकमा असमान र अपारस्पारिक ढंगले "२०४६ सालको चैत मसान्तभित्र नेपालमा जन्मी यहीं स्थायी बसोवास गरिरहेको ब्यक्तिलाई जन्मको आधारमा नेपालको नागरिकता दिने" राजनीतिक सहमति गरियो। त्यस अनुसार तत्काल विद्यमान संविधानको प्रावधानलाई निलम्बन र नयाँ नागरिकता ऐंन ९२०६३ को निर्माण गरी दशौं लाख "जन्मसिद्ध नागरिकता-प्रमाणपत्र" बितरण गरियो।

यस क्रममा फर्जी सिफारिसको आधारमा लाखौं विदेशीले नेपालको किर्ते नागरिकता प्रमाणपत्र लिए। अन्य हिसाबले पनि देशमा दशौं हजार किर्ते नागरिकता प्रचलनमा छन्। त्यसैकारण "उच्चस्तरीय नागरिकता छानबिन न्यायिक आयोग" गठन गरी त्यसमार्फत छानबिन गरेर सबैखाले नक्कली नागरिकता प्रमाणपत्र खारेज गर्नुपर्छ, गलत वा किर्ते नागरिकता प्रमाणपत्र लिनेदिने दुवैथरिलाई सजायको भागिदार बनाइनुपर्छ र तबमात्र बैध ठहरिएका नागरिकका वालिग सन्तानलाई कानुन अनुसार नेपालको नागरिकता दिनुपर्छ भन्ने माग व्यापक नेपाली जनताको रहेको छ। जनताको यस्तो मागलाई कुल्चँदै यो परामादेशी सरकारले बिना छानबिन विशेषतः 'जन्मसिद्ध नागरिक' का वालिग सन्तानलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुन बनाएकोछ, जसमार्फत ठूलो संख्यामा विदेशीले नेपालको वंशजको नागरिकता लिने ढोका खुलेको छ।

तीनतिर खुला सिमाना र दुवैतर्फ ठूलो जनसंख्या भएका छिमेकी मुलुक रहेको परिवेशमा यस्तो नागरिकता नीति लिनु नेपालको लागि घातक छ। यस्तो गर्नु नेपाललाई फिजीकरण/सिक्किमीकरण गर्ने विदेशी रणनीतिको सेवा गर्ने राष्ट्रघाती कार्य गर्नु हो।

"उच्चस्तरीय नागरिकता छानविन न्यायिक आयोग" गठन गरी माथि उल्लिखित काम गरिनै पर्छ र नेपाली नागरिकसँग बिहे गरेर आउने विदेशी महिलालाई भारतमा जस्तै विवाह गरी सात बर्ष नेपालमा स्थायी बसोवास गरेपछि मात्र नेपालको अंगिकृत नागरिकता दिने नीति लागू गरिनुपर्छ, जसअघि उनीहरूलाई राजनीतिक बाहेक अन्य अधिकारहरू उपभोग गर्न दिने व्यवस्था गर्न सकिन्छ। यसको साथै, नेपालको नागरिकता समस्या समाधान गर्न नेपाल-भारत अन्तर्राष्ट्रिय सिमानालाई प्रभावकारी ढंगले नियमन गरिनै पर्दछ। नेकपा (माले) उपरोक्त नेपालमुखी नागरिकता नीति लागु गर्न कृतसंकल्पित छ र रहनेछ।'

## बिजुली...

बिहार राज्यलाई पनि नेपालले बिजुली बेचिरहेको छ। अहिले नेपालले दैनिक विद्युत् बजार (डे अहेड मार्केट) को अवधारणामा आईईएक्समा बिजुली बेचिरहेको छ। यस अवधारणामा हरेक दिनको २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा बिजुली खरिद-बिक्री गरिन्छ। प्राधिकरणले हरेक दिन बिहान १० देखि मध्याह्न १२ बजेसम्म एक्सचेन्ज बजारमा बिक्री गरिने विद्युत्को परिमाणसहित बोलकबोल प्रतिस्पर्धा गर्छ। विद्युत् प्रणालीमार्फत तय हुने 'मार्केट क्लियरिङ प्राइस' का आधारमा बिजुलीको प्रतियुनिट बिक्री दर तय हुन्छ। प्रतिस्पर्धी दर तय भएपछि राति १२ बजेदेखि अर्को दिनको रातको १२ बजेसम्म अर्थात् २४ घण्टा बिजुली निर्यात गरिन्छ। गत वर्ष माथिल्लो तामाकोसी, तल्लो मोदीखोला, तल्लो जोगमाई खोला र लिखु-४ लगायत जलविद्युत् आयोजना प्रसारणलाइनमा जोडिएपछि वर्षायाममा आन्तरिक माग धान्नेभन्दा बढी बिजुली उत्पादन भइरहेको छ।

## दोधारा ...

दोधारा चाँदनीलाई सिँचाइका लागि पानी उपलब्ध गराउन आनाकानी गर्दै आएको छ। नेपाल-भारत सीमासम्म भारतले एक हजार १०० मिटर मूल नहरसँगै अन्य संरचना समेत निर्माण गर्नुपर्ने हुन्छ। डेढ दशकअघिदेखि ब्रह्मदेव क्षेत्रबाट महाकाली सिँचाइ आयोजना तेस्रो चरणले मूल नहर निर्माण थाले पनि आयोजनाले पनि दोधारा चाँदनीतर्फ मूल नहर बनाउनुपर्ने विषय प्राथमिकतामा राख्न सकेको थिएन। पछिल्लो समय सिँचाइ आयोजना आफ्नो भूमिमा मूल नहर निर्माण गर्न अग्रसर भएको छ। सन्धिअनुसार भारतले दोधारा चाँदनीलाई तीन हजार ५०० हेक्टर क्षेत्रफलका लागि ३५० क्युसेक पानी उपलब्ध गराउनुपर्ने हो। सन्धिको ४ नं बुँदामा दोधारा चाँदनीलाई सिँचाइका लागि पानी उपलब्ध गराउनुपर्ने विषय समेटिएको छ। सिँचाइ आयोजनाले भने भारतमाथि दबाब बढाउन पनि आफ्नो भूमिमा एक हजार २०० मिटर मूल नहर निर्माणको काम अघि बढाउँदै छ।

## प्रदेशमा...

अनुमान रहेकोमा गत वर्षसम्म ७ अर्ब ८१ करोड १९ लाख रुपैयाँ खर्च भइसकेको सहरी विकास मन्त्रालयअन्तर्गत सघन सहरी तथा भवन निर्माण विभागले जनाएको छ। सरकारी भवन निर्माणका लागि आवश्यक रकम जोहो विभागले नै गर्दै आएको छ। सरकारमा रहेकाले कमिसनको लोभमा भवन तथा सभाहल बनाउन जोड दिने गरेको मन्त्रालय अधिकारी बताउँछन्। यसका लागि मन्त्री, सचिव तथा आयोजना प्रमुखबीच 'सेटिङ' हुने गरेको छ।

सरकारले गत वर्ष ललितपुर गोदावरीमा ३ हजार क्षमताको सभाहल निर्माण गरेको छ। यसका लागि सुरुमा ६५ करोड ८१ लख ६५ हजार रुपैयाँ सम्झौता भएकोमा पछि कमिसनकै चक्करका बढाएर ८० करोड पुऱ्याइएको थियो। रूपन्देही बुटवलमा १ हजार ७० क्षमताको सभाहल बनाउन ९३ करोड रुपैयाँको सम्झौता भएकोमा ६१ करोड ७७ लाख ९१ हजार रुपैयाँ भुक्तानी भइसकेको छ। बुटवलमै अन्तर्राष्ट्रिय प्रदर्शन केन्द्र बनाउन १ अर्ब १५ करोड रुपैयाँमा निर्माण सम्झौता भएकोमा गत वर्ष २७ करोड रुपैयाँ भुक्तानी भएको थियो। झापा दमकमा भ्यु टावर बनाउन १ अर्ब ५६ करोड रुपैयाँ खर्च भएको छ भने झापाकै दमकमा सभाहल बनाउन ३२ करोड २२ लाख रुपैयाँ विनियोजन गरिएको छ। उदयपुर त्रियुगामा सभाहल बनाउन २७ करोड ७० लाख र कैलाली धनगढीमा सभाहल बनाउन २५ करोड २८ लाख रुपैयाँ विनियोजन गरिएको सघन सहरी तथा भवन निर्माण विभागले जनाएको छ। सरकारी अधिकारीका अनुसार अर्बौंको भवन तथा सभाहल बनाउँदा उच्च तहमा ३ देखि १० प्रतिशतसम्म कमिसन आउने गर्छ। ठेकेदारले नै मिलिमतो गरी कमिसन दिने गरेको स्रोतको दाबी छ।

## एसईई...

विद्यालयले परीक्षा सञ्चालन गर्दाको नतिजाबाट शिक्षकले मनपरी नम्बर दिएको वा बोर्डले अप्ठ्यारा प्रश्न सोधेको हुन सक्ने देखिएको शिक्षाविद्हरू बताउँछन्। कतिपयले नतिजा कमजोर हुनुलाई कोरोनाकालको शैक्षिक क्षतिका रूपमा विश्लेषण गरेका छन्।

गत वैशाख ९ देखि २० सम्म सञ्चालित एसईईको नतिजाअनुसार ९ हजार ६ सय ३ जना अर्थात् १ दशमलव ९४ प्रतिशतले मात्र सबैभन्दा उच्च (३.६-४) जीपीए प्राप्त गरेका छन्। जीपीएका आठ ग्रेडमध्ये पाँचवटामा नतिजा ल्याउने विद्यार्थीको प्रतिशत २०७५ को तुलनामा यस पटक कम छ। ४१ हजार ६ सय २७ जना अर्थात् ८ दशमलव ४० प्रतिशतले मात्रै यसपालि ३.२-३.६ जीपीए ल्याएका छन्। यस पटक जीपीए २.८-३.२ ल्याउने विद्यार्थी ६९ हजार ९ सय जना छन्। त्यस्तै ९० हजार ७ सय ५८ जनाले जीपीए २.४-२.८ र १ लाख १२ हजार ७ सय ३३ जनाले जीपीए २.०-२.४ ल्याएका छन्।

एसईईको प्रारम्भिक नतिजा विश्लेषण गर्दा खस्केको पाइएपछि अन्तिम समयमा उक्त निर्णयबाट बोर्ड पछाडि हट्यो। यस पटक २०७४-७५ मा जस्तै लेटरग्रेडिङ कार्यविधि २०७२ अनुसार नतिजा सार्वजनिक गरिएको छ, जसमा ३५ भन्दा कम अंक प्राप्त गर्ने विद्यार्थीको पनि ग्रेडिङ गरिएको छ। स्रोतका अनुसार न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्ने व्यवस्था यसपालि लागू गरिएको भए करिब ५० हजार विद्यार्थी माथिल्लो कक्षा अध्ययन गर्नबाट वञ्चित हुन सक्थे। उनीहरूले पुनः परीक्षा दिनुपर्थ्यो। बोर्डका अध्यक्ष महाश्रम शर्माले नतिजा अपेक्षाअनुसार नआए पनि दुई वर्षपछि परीक्षा सञ्चालन गर्न सफल हुनुलाई सकारात्मक रूपमा लिनुपर्ने बताए। शैक्षिक सूचकमा पछाडि रहेको मधेस प्रदेश एसईईको नतिजामा भने वाग्मतीबाहेकका प्रदेशभन्दा अघि रहेको छ। कर्णाली प्रदेश सबैभन्दा कमजोर देखिएको छ।

## लु...

संलग्न नहुने निर्णय गरेको एक महिनापछि लुको नेपाल भ्रमण हुन लागेको हो। स्रोतका अनुसार दुईदिने नेपाल भ्रमणका क्रममा लुले प्रधानमन्त्री शेरबहादुर देउवा र परराष्ट्रमन्त्री नारायण खड्कासँग भेटवार्ता गरेका छन्। परराष्ट्र मन्त्रालयले भने लुको भ्रमण र एजेन्डाबारे केही सार्वजनिक गरेको थिएन। लुले एमसीसी सम्झौताका विषयमा गत माघ २७ मा प्रधानमन्त्री शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग टेलिफोन संवाद गरेका थिए। यो संवादमा लुले 'एमसीसी फिर्ता भए राम्रो नहुने' चेतावनी दिएको नेताहरूले बताएका थिए। लगत्तै चीनले अमेरिकी अधिकारीले एमसीसी सम्झौता अनुमोदन गर्न 'जबर्जस्ती कूटनीति' गरेको टिप्पणी गरेको थियो। एमसीसी र एसपीपीमा अमेरिकाको गहिरो चासो छ। सरकारले अमेरिकालाई पत्र नपठाएको विषयमा संसद् र सार्वजनिक मञ्चमा आलोचना भइरहेको छ। यही बीचमा अमेरिकी सहायकमन्त्री लु आएका हुन्।

